छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

सामाजिक सञ्जालको प्रयोग गर्दा सावधानी अपनाऔं, सामाजिक मर्यादाको ख्याल गरौं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक २३६ • २०८० साल माघ ९ गते मंगलबार (23 January, Tuesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# अयोध्यामा राममन्दिरको प्राण प्रतिष्ठाले जनकपुरधाममा हर्ष बधाई

**सञ्जयकुमार यादव**

जनकपुरधाम । भारतको अयोध्यामा भगवान रामको प्राण प्रतिष्ठा भएको दिन जनकपुरधाममा भारी उल्लास छाएको छ । बेहुली झैँ सिंगारिएको जानकी मन्दिर परिसरमा सवा लाख दीप प्रज्ज्वलन गर्न सयौं श्रद्धालु भक्तजन र युवायुवतीहरु सबैरै देखि जुटेका छन् । जानकी मन्दिरमा फूलले रंगोलीहरु बनाइएका छन् । भगवान रामको ससुराली जनकपुरधाम भएकाले यहाँका बासिन्दाहरु आजको दिनलाई हर्षोल्लाससाथ मनाइरहेका छन् ।



भारतको अयोध्यामा मध्यान्ह भगवान रामको प्राण प्रतिष्ठा गरिएको छ । अयोध्यामा आयोजित विशिष्ट समारोहमा जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णव सीताको पिता जनकको रुपमा सहभागी भएका छन् । अयोध्याबाट रामजानकी विवाहमहोत्सवमा रामका पिताको रुपमा सन्त आउने गर्छन् ।

त्रेता युगदेखि नै जनकपुरधाम र अयोध्याधामबीच रोटीबेटीको सम्बन्ध रहीआएको छ । नेपाल र भारतबीचको धार्मिक सम्बन्धले मित्रतालाई प्रगाढ बनाउँदै आएकोछ ।

नेपाल र भारतबीचको सम्बन्धलाई सीता र रामबीचको वैवाहिक सम्बन्धले मनमनमा

> त्रेता युगमा भगवान सीतारामको विवाह सम्पन्न भएदेखि हालसम्म जनकपुरधाममा विवाहमहोत्सवलाई भव्यताका साथ मनाइँदै आएको छ । जनकपुरधाम र अयोध्याधामबीचको सम्बन्ध अलौकिक रहेको स्थानीय सन्त विश्वनाथ शुक्ला बताउँछन् । उनी भन्छन्-"नेपाल र भारतको उदय हुनु पूर्व नै मिथिला र अयोध्याबीच रोटीबेटीको सम्बन्ध स्थापित भएको हो ।" त्रेतायुगकालीन सम्बन्धलाई नेपाल र भारतबीचको धार्मिक, सांस्कृतिक, भाषिक, भौगोलिक, भेषभूषा लगायतको समानताले अझ प्रगाढ बनाएको उनको कथन छ ।

स्थापित गरेको जानकी मन्दिरका पुजारी ऋषिकेश दासले बताए ।

हरेक वर्ष यहाँ मनाइने रामजानकी विवाहमहोत्सव र अयोध्यामा आयोजना हुने धार्मिक कार्यक्रमहरुले त्रेता युगकालीन सम्बन्धलाई जीवन्त बनाइरहेको उनको कथन छ ।

जय श्रीरामको नारा लगाउँदै सोमवार दिनभरि नै पटक पटक निकालिएको शोभायात्राले जनकपुरधाम गुञ्जयमान बनेको छ । नगर क्षेत्रसँगै ग्रामीण भेगका घर र पसलहरुमा भगवान रामको झण्डा फहराइएको छ । मोटरसाइकल लगायतका सवारी साधनहरुमा भगवान रामको झण्डा लगाइएको छ ।

चीरकालको प्रतीक्षापछि अयोध्यामा भगवान रामको मन्दिर निर्माण र प्राण प्रतिष्ठा सम्पन्न भएको छ । मिथिलावासीमा भगवान रामको गृह निर्माणले अद्भूत खुशी देखिएको छ । जानकी मन्दिरका महन्त प्राण प्रतिष्ठामा सहभागी हुन अयोध्या पुगेका बेला पुजारीहरुले मन्दिरलाई विशेष रुपमा सिंगारेका छन् । ऋषिकेश दास लगायतका सन्तहरु विशेष पूजा गर्दै उत्सव मनाइरहेका छन् ।

त्रेता युगमा भगवान सीतारामको विवाह सम्पन्न भएदेखि हालसम्म जनकपुरधाममा विवाहमहोत्सवलाई भव्यताका साथ मनाइँदै आएको छ । जनकपुरधाम र अयोध्याधामबीचको सम्बन्ध अलौकिक रहेको स्थानीय सन्त विश्वनाथ शुक्ला बताउँछन् । उनी भन्छन्-'नेपाल र भारतको उदय हुनु पूर्व नै मिथिला र अयोध्याबीच रोटीबेटीको सम्बन्ध स्थापित भएको हो ।' त्रेतायुगकालीन सम्बन्धलाई नेपाल र भारतबीचको धार्मिक, सांस्कृतिक, भाषिक, भौगोलिक, भेषभूषा लगायतको समानताले अझ प्रगाढ बनाएको उनको कथन छ ।

राममन्दिरमा प्राण प्रतिष्ठा भइरहेको दृश्य जनकपुरधामवासीहरुले सामूहिक रुपमा बिभिन्न चोक र मठमन्दिरबाट देखेका थिए । जनकपुरधामवासीले आफ्नै घरमा भगवानको प्राण प्रतिष्ठा भइरहेको अनुभूति गरेको बताउँछन् । अयोध्यामा भएको प्राण प्रतिष्ठामा सहभागी हुन नपाए पनि जानकी मन्दिरमा रंगोली बनाउँदै दीप सजाउने गरेकी अञ्जली राउतले सीता दिदीको बिहा भएको अयोध्यामा नवनिर्मित मन्दिरमा गृह प्रवेश भएको हामी आफ्नै घरमा गृह प्रवेश गरे जस्तो अनुभूति गरिरहेकी बताउँछिन् । समग्र मिथिलावासीका लागि यो अलौकिक उत्सव हो, उनले भनिन्-' मिथिलाको घरघरमा दीपोत्सव गरिएको छ , झण्डा फहराएर भगवान सीतारामप्रतिको अगाध श्रद्धा प्रकट गरेका छन् ।'

प्राण प्रतिष्ठा र गृहप्रवेशको तयारी भइरहेको बेला जनकपुरधामबाट विभिन्न सौगातहरु अयोध्या राममन्दिरमा पठाइएको थियो । भगवान रामको माइतबाट पठाइएको सौगातको आज पनि भारतीय सञ्चार माध्यमहरुले महत्वका साथ चर्चा गरिरहेको जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले बताए ।

राममन्दिरको प्राण प्रतिष्ठा समारोहमा सहभागी भएका उनले भने-' भगवान रामको मन्दिर निर्माण र प्राण प्रतिष्ठाले जनकपुरधामवासीको पनि शिर उठेको छ । लामो समयदेखि टेन्टमा रहेका ज्वाई भगवान राम भव्य मन्दिरमा विराजमान हुँदाको खुशी समस्त मिथिलावासीमा हुनु स्वभाविक हो ।'

# हजार रुपैयाँमा ध्वजा बिक्री

**टुडे समाचारदाता**

जनकपुरधाम । अयोध्यामा भगवान रामको प्राणप्रतिष्ठाको अवसरमा जनकपुरधामसहित देशव्यापीरुपमा उत्साह देखिएको छ ।

जनकपुरधामको हरेक चोक-चोकमा राम अंकित ध्वजासहितको झण्डा झुण्ड्याएर दीप प्रज्ज्वलनसमेत गरिएको छ । यसैक्रममा जनकपुरधाममा व्यापारीले मनपर्दीरुपमा ध्वजाको बिक्री गर्ने गरेकोसमेत पाइएको छ ।

एक सय रुपैयाँको ध्वजा सोमबार जनकपुरधाममा एक हजार सम्ममा व्यापारीले बिक्री गरेको उपभोक्ताहरुले गुनासो गरेका छन् । वीरगञ्ज, कलैया, गौर, मलंगवा, जलेश्वर, बर्दिबास, जनकपुरधाम, सिरहा, लहान, राजविराज, रुपनी लगायतका स्थानमा ध्वजाको कमी भए संगै महँगोमा बिक्री भएको स्थानीय उपभोक्ताहरुले गुनासो गरेका थिए ।

स्थानीय उपभोक्ता राकेश साहले एक सय रुपैयाँमा पाइने ध्वजा व्यापारीहरुले एक हजार रुपैयाँमा बिक्री गरेको जानकारी दिए । उनले व्यापारीले मनलाग्दीरुपमा मूल्यवृद्धि गर्दा पनि रामको प्राण प्रतिष्ठाको उत्सव मनाउनका लागि चर्को मूल्यमा खरिद गरेको बताए । जनकपुरधाममा रामको प्राण प्रतिष्ठाको अवसरमा दशौं हजार ध्वजा बिक्री भएको छ । त्यस्तै मधेश प्रदेशका अन्य जिल्लाहरु पनि यस्तै समस्या देखिएको छ ।






# ठेक्का तोडिएसँगै अन्तर्राष्ट्रिय राजमार्ग निर्माण अन्योल

**टुडे समाचारदाता**

त्रिशूली । नेपाललाई चीनसँग छोटो दुरीमा जोड्न निर्माण भइरहेको राष्ट्रिय प्राथमिकता प्राप्त ‘ गल्छी-रसुवागढी’ सडक योजनाको काम अन्योल भएको छ । उक्त योजनाअन्तर्गत मैलुङबाट स्याफ्रुबेसीसम्मको १९ किलोमिटर सडक निर्माणको जिम्मेवारी लिएको निर्माण व्यवसायीले समयमा काम नगरेपछि सडक निर्माणको ठेक्का रद्द भएसँगै सडक विस्तार थप अन्योल भएको हो ।

निर्माण कम्पनी भारत कन्स्ट्रक्सन/सिद्धिसाई जेभीले जिम्मा लिएको काम समयमा नगरेपछि उक्त कम्पनीसाग गत शुक्रबार ठेक्का तोडेको ‘गल्छी-त्रिशूली-मैलुङ-स्याफ्रुबेसी-रसुवागढी’ सडक योजना कार्यालयका प्रमुख धुव्रकुमार श्रेष्ठले जानकारी दिए ।

उहाँको अनुसार सम्झौता अवधिभित्र निर्माण व्यवसायीलाई काम सम्पन्न गर्न पटक-पटक लिखित एवम् मौखिक अनुरोध गर्दा पनि सम्झौताको शर्त बमोजिम आफ्नो दायित्वको जिम्मेवारी पूरा नगरेकाले ठेक्का तोड्न कार्यालय बाध्य भएको हो ।“निर्माण कम्पनीसँगको ठेक्का सम्झौता बखतमा गरिएका शर्त र सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ (७) समेतको आधारमा ‘गल्छी-रसुवागढी’ सडक योजनाअन्तर्गत ‘मैलुङ-स्याफ्रुबेसी’ खण्डको ठेक्का रद्द भएको छ”, योजना प्रमुख श्रेष्ठले भने, “निर्माण कम्पनी धरौटी जफतका लागि बैंकलाई पत्राचार गरेका छौं । सडक विस्तारको काम अब नयाँ प्रक्रिया (पुनः ठेक्का)बाट काम अघि बढाउने छौं ।”

मैलुङबाट स्याफ्रुबेसीसम्मको सडक निर्माणका लागि नेपाली सेनाले ट्र्याक खोलेपछि योजनाको कार्यालयले निर्माण व्यवसायीमार्फत काम गराउन विसं २०७७ साउन १ गते ठेक्का लगाएको थियो । सम्झौताअनुसार विसं २०७९ माघ १६ मा निर्माण सम्पन्न गर्नुपर्नेमा उक्त सडकको काम २६ प्रतिशत मात्रै पूरा भएको योजना प्रमुख श्रेष्ठले जानकारी दिनुभयो ।उहाँका अनुसार करिब १९ किमि दुई लेनको सडकमा कालोपत्रे गर्न रु एक अर्ब ४५ करोडमा ठेक्का लगाइएको थियो । तर निर्माण कम्पनीले सडकको दायाँबायाँ टेवा पर्खाल लगाएर रु ३७ करोड भुक्तानी लिएर काम नगरेपछि ठेक्का तोड्ने निर्णयमा पुगिएको हो ।

निर्माण कम्पनीले कार्यक्षेत्रमा काम अन्योल बनाएसँगै योजनाको कार्यालयले यसअघि २०७८ साल माघ २४ र २०७९ जेठ १७ मा नै अन्त्यन्त जरुरीको सूचनामार्फत ‘ठेक्का सम्झौता किन अन्त्य नगर्ने’ भनेर सचेत गराएको थियो । नेपाललाई चीन र भारतसँग जोड्ने सबैभन्दा छोटो दुरीको त्रिदेशीय राजमार्गको रुपमा निर्माण भइरहेको धादिङको गल्छीदेखि रसुवाको रसुवागढीसम्मको सडक दुरी ८३ किमि छ । उक्त सडकलाई नेपाल सरकारले राष्ट्रिय गौरवको आयोजनाको रुपमा विसं २०७३ पुसमा ठेक्का लगाएर २० महिनाभित्रै पूरा गर्ने लक्ष्य लिएको थियो । समग्र कामको प्रतिशत हालसम्म ५५ प्रतिशत मात्रै पूरा भएको छ ।

तीन खण्डमा निर्माण भइरहेको यस सडकको पहिलो खण्ड धादिङको गल्छीबाट नुवाकोट हुँदै रसुवाको मैलुङसम्म ४६ किमि सडकअन्तर्गत नुवाकोटको मुख्य बजार क्षेत्र गङ्गटे, बट्टार, विदुरहुँदै ढुङ्गेसम्मको आठ किमि क्षेत्रमा मुआब्जा विवादको समस्याले काम सुरु हुन अझै बाँकी छ ।दोस्रो खण्ड मैलुङ-स्याफ्रुबेसीसम्म १९ किमि सडकको ठेक्का हालै तोडिएको छ भने तेस्रो खण्ड स्याफ्रुबेसी-रसुवागढीसम्म १७ किमि सडक चीन सरकारले निर्माणको जिम्मेवारी लिए पनि अझै काम सुरु गर्न बाँकी छ ।

चीनसँगको अन्तर्राष्ट्रिय राजमार्गलाई भारतसँग जोड्न सबैभन्दा छोटो दुरीको त्रिदेशीय राजमार्गको रुपमा कार्यान्वयनमा ल्याइएको सडकको तीनखण्डअन्तर्गत दुई खण्डको काम अनिश्चित भएसँगै समग्र योजनाको काम अन्योल बनेको हो ।

# स्वास्थ्यमन्त्रीको अनुपस्थितिप्रति सांसदको असन्तुष्टि

**टुडे समाचारदाता**

काठमाण्डु । सांसदहरुले स्वास्थ्य तथा जनसंख्यामन्त्री र मन्त्रालयका पदाधिकारीको निर्णयप्रति प्रश्न उठाउँदै आफ्नो जिम्मेवारीप्रति संवेदनशील बन्न आग्रह गरेका छन् ।

प्रतिनिधिसभा, शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिको सोमबारको बैठकमा समिति सभापति भानुभक्त जोशीले मन्त्रालयको पटक पटकको निर्णय विवादित भएको भन्दै मन्त्री र सचिवसँग प्रश्न गरे ।

मन्त्रालयको कार्यक्रम कार्यान्वयनको अर्धवार्षिक प्रगति एवं पुँजीगत खर्चको विषय र मन्त्रालयसँग सम्बन्धित गुनासो एवं समाधानका लागि भएका प्रयासका सम्बन्धमा बसेको बैठकमा मन्त्री बस्नेत अनुपस्थितिपछि सभापति जोशीसँगै समितिका अन्य सदस्यहरुले समेत असन्तुष्टि जनाए ।

“मन्त्री र सचिवको निर्णयविरुद्ध कर्मचारी अदालत जानुपर्ने किन ? किन त्यस्तो निर्णय गर्नुहुन्छ ? बीमा बोर्ड, वीर अस्पताल, आयुर्वेदिकका निर्देशक हटाउने फेरि आउने, यस्तो किन ? यो कुरामा त प्रस्ट हुनुपर्‍यो”, सभापति जोशीले भने । उनले मन्त्री बस्नेतलाई पटक पटक सम्पर्क गर्न खोज्दासमेत प्रतिक्रिया नआएको भन्दै असन्तुष्टि जनाए ।

सभापति जोशीले भने, “यसअघि दुर्गम जिल्लामा विज्ञ पठाउने कुरा भयो । मेरो



निर्वाचन क्षेत्र बझाङमा मैले धेरै अनुरोध गरेर ‘गाइनो’सम्बन्धित दुईजना विज्ञ लग्यौं तर मन्त्रीले विज्ञलाई फिर्ता गर्दिनुभयो ।” उनले मन्त्रीको उपस्थितिपछि मात्र पूर्ण बैठक बस्ने भन्दै कार्यप्रगतिको स्पष्ट विवरण ल्याउन मन्त्रालयलाई निर्देशनसमेत दिए ।

बैठकमा समिति सदस्य विद्या भट्टराईले समितिले पटक पटक दिएको सुझाव र निर्देशन मन्त्रालयले कार्यान्वयन नभएकोप्रति मन्त्रालयका सचिव डा रोशन पोखरेल र देवकुमारी गुरागाईंको ध्यानाकर्षण गराए ।

“हामीले १२ वटा सुझाव एवं निर्देशन दियौं, त्यसमा मन्त्रालयले कति काम गर्न सक्यो ? हामीले प्रश्नमात्र गरिरहने हो ?”, उनले भने ।

समिति सदस्य डा तोसिमा कार्कीले मन्त्री बस्नेतलाई लाग्दै आएको आरोप र गुनासोबारे समितिमा स्पष्टीकरण दिनुपर्नेमा जोड दिए । उनले भने, “बैठकमा मन्त्री उपस्थित हुनुभएन । मन्त्रीको कार्यसम्पादनप्रति सार्वजनिक रुपमा लाग्दै आएको आरोप गुनासोबारे स्पष्टीकरणको माग गर्दा पनि उहाँ उपस्थित हुनुभएन ।”

बैठकमा सदस्यहरुले मन्त्रालयलाई आफ्नो जिम्मेवारीमा संवेदनशील हुन आग्रह गरेका थिए । मन्त्रालयका सचिव डा पोखरेलले व्यस्तताको कारणले मन्त्री बैठकमा उपस्थित हुन नसकेको भन्दै सबै सरोकारवाला पक्षसहितको छलफलका लागि सभापतिसमक्ष आग्रह गरे ।

मन्त्रालयका अतिरिक्त सचिव विकास देवकोटाले बजेट सुनिश्चितता नभइ तय भएका कार्यक्रम कार्यान्वयनमा व्यावहारिक रुपमा कठिनाइ भएको समितिलाई जानकारी दिए ।

बैठकमा समिति सदस्यहरुले आधारभूत अस्पताल निर्माण, मिर्गौलासम्बधी बिरामीका लागि डाइलासिस सेवा, स्वास्थ्य बीमामा औषधिको शुल्क, स्वास्थ्य जनशक्तिको अभाव, स्वास्थ्य उपचार सेवा विकेन्द्रिकरण, असुरक्षित गर्भपतन, भ्रूण हत्या र आत्महत्या दुरुत्साहनका लागि मन्त्रालयले गरेका प्रयासबारे सचिवहरुसँग प्रश्न गरेका थिए । उनीहरुले मन्त्री र कर्मचारीको वैदेशिक भ्रमणको रणनीतिबारे समेत जिज्ञासा राखे । सो अवसरमा जनस८्या व्यवस्थापनका विषयमा मन्त्रालयको भूमिकामा ध्यानाआर्कषण गराइएको थियो ।

# देवशिलास्थललाई धार्मिक पर्यटकीय गन्तव्य बनाइँदै

**टुडे समाचारदाता**

म्याग्दी । भारतको अयोध्यामा निर्माण भएको राममन्दिर परिसरमा राखिएको देवशिलाको उद्गमस्थललाई धार्मिक पर्यटकीय गन्तव्यका रुपमा विकास गर्न थालिएको छ । अयोध्यामा करिब पाँच सय वर्षपछि पुनःनिर्माण भएको राममन्दिरमा सोमबार मूर्तिको प्राण प्रतिष्ठा हुँदैछ ।



मन्दिरमा हिन्दू धर्मावलम्बीका भगवान् रामको बाल्यकालको मूर्ति बनाउनका लागि गत वर्ष म्याग्दीको बेनी नगरपालिका-६ सेतिपहिरास्थित कालीगण्डकी किनारबाट दुई वटा शिला लगिएको थियो । देवशिलाको उद्गमस्थललाई धार्मिक पर्यटकीय गन्तव्य बनाउन लागिएको बेनी नगरपालिकाका प्रमुख शुरत केसीले राससलाई जानकारी दिए ।

नेपाल सरकारको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार १८ र १६ मेट्रिकटन तौल भएका, सात फिट लम्बाइ, पाँच फिट चौडाइ र तीन दशमलव पाँच फिट मोटाइका दुई वटा शिला उपहार दिइएको हो ।

“नेपालबाट लगिएको देवशिला रामको अवतार भएकाले फुटाउन नहुने धार्मिक गुरुको तर्कपछि अयोध्याको मन्दिर परिसरमा पूजासोमबाराका लागि संरक्षण गरेर राखिएको छ”, नगरप्रमुख केसीले भने, “रामको जन्मभूमि अयोध्या लगिएका शिलाको उद्गमस्थललाई संरक्षण र व्यवस्थापनसँगै प्रवर्द्धन गर्न लागेका हौं ।”

देवशिला उत्खनन् गरिएको ठाउँमा कालीगण्डकी नदीमा स्नान स्थल र स्तम्भ बनाउन लागिएको नगरप्रमुख केसीले बताए । उहाँका अनुसार कालीगण्डकी नदीमा बसाह आकारको ढुङ्गालाई पनि संरक्षण गर्ने योजनासहित विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) बनाएर स्रोतको खोजी थालिएको छ ।

देवशिला उत्खनन भएको गलेश्वर क्षेत्रलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीको साझा तीर्थस्थल मुक्तिनाथको प्रवेशद्वार मानिन्छ । मुस्ताङको कागबेनीमा पितृ तर्पण गर्न जाने भक्तजन र तीर्थयात्रीलाई बेनीको कालीगण्डकीमा स्नान गर्ने व्यवस्था मिलाउन लागिएको हो । कालीगण्डकी नदीमा मात्र पाइने विश्वमै दुलर्भ शालग्राम शिलालाई हिन्दू धर्मावलम्बीले भगवान् विष्णुको अवतार मान्ने गर्दछन् ।

कालीगण्डकी किनारको बेनी-गलेश्वर क्षेत्रमा ऋषिहरू पुलह, कपिल र जडभरतले तपस्या गरी सिद्धि प्राप्त गरेको पौराणिक मान्यता छ । पौलत्स्य र जडभरत ऋषिको तपस्यास्थल एवं कालञ्जर पर्वतको फेदीमा रहेको देवशिला उद्गमस्थल धार्मिक हिसाबले धेरै महत्व रहेको हिन्दू धर्मगुरु जगद्गुरु हिमालय बाबाले बताए ।

“अयोध्या र जनकपुरको धार्मिक, सांस्कृतिक र आर्थिक सम्बन्धलाई यो शिलाले कालीगण्डकी र म्याग्दीसम्म विस्तार गरेको छ”, उनले भने, “शिला उत्खनन भएको ठाउँ धार्मिकस्थलकारुपमा विकास हुने र कालीगण्डकीको महत्व झनै बढेको छ ।”

कालीगण्डकीलाई हिन्दू धर्मावम्बीले कृष्णगण्डकीका रुपमा चिन्ने गर्छन् । शालिग्राम पाइने कालीगण्डकी नदीले पवित्र बनेका शिला भगवान्कै प्रतीक भएको गत वर्ष शिला लिन आएका राममन्दिर निर्माण समितिका सचिव राजेन्द्रसिंह पङ्कजले बताएका थिए ।

अयोध्याको राममन्दिर उद्घाटन र मूर्तिको प्राण प्रतिष्ठा भएका अवसरमा सोमबार देवशिला उद्गमस्थलमा पूजासोमबारा र एक लाख २५ हजार बत्ती बालिएको छ । देशशिला अयोध्या पुर्‍याउने क्रममा कुनै असर परेको भएमा त्यसको पाप नलागोस् भनेर क्षमापूजासहित सवा लाखबत्ती बालिएको गलेश्वर क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताए ।

# नेपालगञ्ज-जनकपुरधाम हवाई सेवा सुरु गर्न माग

**टुडे समाचारदाता**

नेपालगञ्ज । भारतको अयोध्यामा नवनिर्मित श्रीराम मन्दिरको प्राणप्रतिष्ठा गर्न लागेका अवसरमा नेपालगञ्ज-जनकपुरधामहवाई सेवा सुरु गर्न माग गरिएको छ ।

धार्मिक पर्यटन प्रवर्द्धन गर्न भन्दै बाँकेमा रहेका धार्मिक अगुवा, पर्यटन व्यवसायी र व्यापारीले हवाई सेवाबाट भारतीय पर्यटक आकर्षित हुने बताएका छन् । भारतको अयोध्यामा श्रीराम मन्दिरको दर्शन गरेपछि नेपालको जनकपुरमा रहेको जानकी मन्दिरको दर्शन गर्नाले पुण्य प्राप्त हुने पौराणिक मान्यता रहेको धार्मिक अगुवाको भनाइ छ ।

उद्योग वाणिज्य सङ्घका पूर्वअध्यक्ष तथा व्यवसायी नन्दलाल वैश्यले धार्मिक पर्यटनका लागि नेपालगञ्ज-जनकपुरधामहवाईमार्गसँगै स्थालमार्गलाई पनि प्रभावकारी बनाउन आग्रह गर्दै सातामा एउटा उडान भए पनि त्यसको धार्मिक पर्यटनमा दूरगामी असर पर्ने बताए ।

उनले नेपालगञ्ज-जनकपुरधामर जनकपुरधाम -काठमाडौंको एकीकृत हवाई मार्गले नेपालगञ्जको बजारलाई चलायमान बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्दै भारतको अयोध्यामा रहेको श्रीराम मन्दिर आउने लाखौं पर्यटकलाई नेपालगञ्ज हुँदै नेपाल भित्र्याउनसके त्यसले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताए ।



हडियाबावा मन्दिर व्यवस्थापन समितिका अध्यक्षसमेत रहनुभएका वैश्य भन्नुहुन्छ, “भारतको अयोध्यामा श्रीराम मन्दिरको दर्शन गरेपछि सीताजीको जन्मभूमि जनकपुरमा रहेको जानकी मन्दिरको दर्शन गरेपछि पुण्य प्राप्त हुने धार्मिक विश्वास छ ।”

उनले नेपालगञ्ज-पोखराको हवाई उडान भएजस्तै नेपालगञ्ज-जनकपुरको उडानका लागि यति एअरलाइन्स, बुद्ध एअरलाइन्स वा श्री एअरलाइन्सको जहाजलाई राति राँझा विमानस्थलमा नै राख्नुपर्ने तर्क गर्दै त्यसपछि यसको भारतमा प्रचार प्रसार गरेर भारतीय पर्यटक नेपाल भित्र्याउन सकिने बताए ।

नेपाल एशोसियसन अफ टुर एण्ड ट्राभल्स एजेन्टस् ९नाटा०, बाँके च्याप्टरका अध्यक्ष श्रीराम सिग्देलले नेपालगञ्ज-जनकपुरधामहवाईमार्ग अविलम्ब सुरु गर्न माग गर्दै यसलाई स्थानीय सरकारले प्राथमिकता दिनुपर्ने बताए ।

उनले पर्यटन प्रवर्द्धनका लागि हवाईमार्गसँगै नेपालगञ्ज-अयोध्यास्तरीय बस सेवासमेत सञ्चालन गर्न आवश्यक भएको उल्लेख गर्दै यसबाट नेपालगञ्जको वास्तविक समृद्धि हुने तर्क गरे ।

पर्यटन व्यवसायी सिग्देलले भने, “राजनीतिक नेतृत्वसँग इच्छाशक्ति मात्रै हुने हो भने पर्यटनको एजेण्डालाई लागू गर्न सकिन्छ ।” उहाँका अनुसार अयोध्या नेपालगञ्जबाट सबैभन्दा बढी नजिक भएको सहर हो । नेपालगञ्जबाट भारतको अयोध्या एक सय ७१ किलोमिटरको दूरीमा रहेको बताइएको छ ।

नेपालका सबै पर्यटकीयस्थललाई जोड्न हवाईमार्ग प्रभावकारी हुने भएकाले हवाई ‘ कनेक्टीभिटी’ र बस सेवाको कनेक्टीभिटी आवश्यक भएको सिग्देलको भनाइ छ । नागरिक अभियानकर्मी तथा अधिवक्ता विश्वराज तिवारीले हवाईमार्ग सुरु भएपछि धार्मिक पर्यटन चलायमान हुने उल्लेख गर्दै जनता र संस्कृतिबीचको निकटता बढ्ने बताए ।

उनले भारत र नेपालीबीचको भाइचारा सम्बन्धसमेत बलियो हुनेमा जोड दिँदै यसबाट जनकपुरधाम जानेलाई मानसरोवर जानका लागि पनि सहज हुने बताए ।

नेपालगञ्जको हनुमानगढी सञ्चालन तथा व्यवस्थापन समितिका अध्यक्ष सुदीप भट्टराईले भारतको अयोध्यामा श्रीरामको दर्शन गरेपछि सीतामाताको दर्शन नगरे पूर्ण लाभ नहुने भएकाले अयोध्याबाट जनकपुरधाम जान हवाईमार्ग अतिआवश्यक भएको जानकारी दिँदै माता जानकीको दर्शन गरेकाले पुनःश्रीराम मन्दिरको पनि दर्शन गर्नुपर्ने बताऐ ।

“यी दुवै मन्दिरको दर्शन हुने भएकाले धार्मिक पर्यटनमा यसले टेवा पुर्‍याउँछ”, उनले भने । नेपालगञ्जमा रहेको बागेश्वरी मन्दिरबाहेक अन्य धार्मिक मठमन्दिर र पर्यटकीयस्थलसमेत रहेका छन् ।

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : नयाँ कार्य हुने । |
| मिथून | : बौद्धिक क्षमता । |
| कर्कट | : प्रतिभा सम्पन्नता । |
| सिंह | : शिक्षामा उन्नति । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : धन वृद्धि सञ्चय । |
| वृश्चिक | : प्रेम प्रसंग, मित्र सुख । |
| धनु | : सुख समृद्धि हुने । |
| मकर | : भ्रमण अवसर हुने । |
| कुम्भ | : अवसर प्राप्त । |
| मीन | : वाद विवादबाट बच्नु । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अयोध्यामा रामललाको प्राणप्रतिष्ठाको अवसरमा जनकपुरधाममा खुसीयाली मनाईंदै ।

तस्बिर : संजय यादव


















जनकपुर टुडे

२०८० साल माघ ९ गते मंगलबार (23 January, Tuesday, 2024)



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# जनमतको अवरोध गलत

मधेश प्रदेश सरकारले सप्तरी जिल्लाको राजविराजमा स्थापना गरेको मधेश कृषि विश्वविद्यालयको भवन शिलान्यासको क्रममा जनमत पार्टीले गरेको अवरोध गलत हो । प्रदेश सरकारको पूर्ण स्वामित्वमा स्थापित भएको मधेश कृषि विश्वविद्यालयलाई व्यवस्थित र विकसित गर्न जनमत पार्टीले सकारात्मक भूमिका निर्वाह गर्नुपर्ने हो। सप्तरी जिल्लामा स्थापित कृषि विश्वविद्यालयको भवन शिलान्यास गरी शिलालेखमा नाम राख्नु मात्र सफलता होइन् । विश्वविद्यालयलाई विकसित गर्न सके कयौं शिलालेखमा जनमत पार्टीका अध्यक्ष डा.सी के राउतको नाम लेखिनेछ। तर शिलान्यास गरी शिलालेखमा नाम लेखाउनकै लागि भवन निर्माणको काममा अवरोध खडा गर्नु, व्रिश्वविद्यालयको प्रशासनिक भवनमा ताल्चा लगाउनु अपराध नै हो । मधेश प्रदेशमा शिक्षाको अवस्था अत्यन्त कमजोर छ। शिक्षालाई उपयोगी र रोजगारमूलक बनाउनु आजको आवश्यकता छ। नेपाल नै कृषि प्रधान देश हो। त्यस मध्ये मधेश प्रदेश त पूर्ण रुपमा नै कृषिमा आधारित हो। कृषिलाई रोजगारमूलक र आयमूलक बनाउन विश्वविद्यालयले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ। कृषिलाई आधुनिकीकरण गरी परम्परागत खेतीलाई परिवर्तन गर्न आवश्यक छ। अहिले खेतीमा हुने लगानीको तुलनामा उत्पादन भइरहेको छैन् । उत्पादन बढाउन पनि आधुनिक ज्ञान र सीप भएका कृषि विज्ञहरुको आवश्यकता छ । त्यसको पूर्ति विश्वविद्यालयले गर्न सक्छ । मधेश कृषि विश्वविद्यालय जनता समाजवादी पार्टी(जसपा)को मात्र होइन् ।मधेश प्रदेश सरकारको सम्पूर्ण लगानी रहेको सो विश्वव्रिद्यालय सबै नेपालीको नै साझा शिक्षण संस्था हो । तर राजनीतिक बुझेका जनमतका अध्यक्ष डा.राउतले सरकार भएको दलका नेता अथवा सरकारका मुख्यमन्त्री, मन्त्री, सरकारी अधिकारीहरुले शिलान्यास, उद्घाटन लगायतका कार्यहरु गर्छन् । त्यसमा विपक्ष अथवा सत्तासिन दलकै नेताले पनि चित्त दुखाई गर्नु हुँदैन् । जनमत पार्टीको कृयाकलापले विकास विरोधी रहेको सर्वसाधारणको बुझाइ छ। विकासमा नामका लागि भन्दा कामलाई प्राथमिकता दिनु आवश्यक छ । जनमत पार्टीले भवन निर्माणमा अनियमितता हुन नदिन, मापदण्ड अनुरुपको भवन निर्माणमा उत्कृष्ट सामग्रीहरुको प्रयोग गर्न निरन्तर निगरानी गर्नुपर्छ। भवन निर्माणमा हुने अनियमिततालाई जनमत पार्टीले जनतामाझ लगेर अनियमितता गर्नेहरुलाई नाँगेझार गर्नुपर्छ । तर शिलान्यासको क्रममा गरेको अवरोध , विश्वविद्यिालयका पदाधिकारीहरुलाई दिएको धाकधम्की, प्रशासनिक कार्यालयमा गरेको तालाबन्दीलाई कदापि राजनीतिक संस्कार मान्न सकिदैन् । जनमत पार्टीमा धेरै विद्वतवर्गका नेता, कार्यकर्ताहरु रहेका छन् । उनीहरुले यस्ता विषयमा आगामी दिनमा विशेष ध्यान दिनु आवश्यक छ।

# नेतृत्वमा अदृश्य दबाब



निमा काँले

स्वीजरल्याण्डको डाबोसमा वल्ड इकोनोमी फोरमको ५४औं वार्षिक सम्मेलन भर्खरै सम्पन्न भएको छ। क्लाउस स्वाबको एलिट क्लब मानिने यो फोरममा पछिल्लो केही वर्षहरुमा थोरै नेपालीहरुको उपस्थिति रहेको थियो । सन् २०२४ को आर्थिक र राजनीतिक एजेण्डा तय गर्न डाबोस यो पटक सफल होला या नहोला त्यो समयले बताउने छ। तर त्यहाँ देखिएका केही अप्रत्यासित परिदृश्यले यो फोरमको परम्परागत र बर्चश्वशाली कोरियोग्राफीलाई भने भत्काइदिएको छ। यही सम्मेलनकै बीचमा फ्रान्सबाट अर्का सुखद समाचार आएको छ, प्रधानमन्त्रीकारुपमा गाब्रियल अटलको नियुक्तिको रुपमा, त्यो पनि फ्रान्सकै कान्छो र पहिलो समलिङ्गीको रुपमा । यो खबर यतिखेर विश्वभरिका यौनिक अल्पसंख्यकहरुको लागि गर्व गर्न लायक विषय बनेको छ।

यस्ता धेरै कोणबाट सन् २०२४ रोचक बन्ने देखिन्छ । विश्वभरिमा सबैभन्दा बढी देशमा निर्वाचन हुने यो वर्ष अमेरिकामा डोनाल्ड ट्रम्पको पुनरागमनको चर्चा सबैभन्दा बढी हुने अनुमान गर्न सकिन्छ । यता भारतको उत्तर प्रदेशको अयोध्यामा राम मन्दिरको उद्धाटन धार्मिकभन्दा राजनीतिक सेन्टर स्टेजमा बन्दै गर्दा नरेन्द्र मोदीको उदयलाई २०२४ ले नवीकरण गर्ने निश्चित प्रायः देखिन्छ। गाब्रीयल, ट्रम्प अथवा मोदीको चर्चा गर्दै गर्दा विभिन्न दृष्टिकोणबाट विश्लेषण गरिरहँदा नेपाली समाजमा नयाँ पुस्ताका लागि भने हामीले के उदाहरण प्रस्तुत गरिरहेका छौ, थोरै चर्चा गरौं ।

हामी सबैले बुझेको कुरो के हो भने प्राकृतिक हिसाबले हरेक वस्तु, व्यक्ति वा विषयको उत्पत्ति, विकास र हस्तान्तरणको एउटा प्रक्रिया हुन्छ। अझ भनौं चक्र हुन्छ। सन् २०२४ सम्म आएको यस्ता विषयवस्तुहरु नियाल्दा यो नियमित र स्वभाविक देखिन्छ। यसलाई प्राकृतिक सिद्धान्तको रुपमा लिन सकिन्छ। अझ समाज विकासका सन्दर्भमा कुरा गर्नुपर्दा सामाजिक प्रणालीको निर्माण विकास र हस्तान्तरणमा नेतृत्वको सन्दर्भ पनि प्राकृतिक रुपमै श्रृ लाबद्ध भएको हुन्छ। यहाँ चर्चा नेपालको थोरै सामाजिक परिवेशको गरौं। अहिले सामुदायिक निकायहरु वा सरकारी, गैरसरकारी सङ्घसंस्था वा राजनीतिक दलहरु सबैतिर निर्वाचनका प्रक्रियाहरुमार्फत नेतृत्व चयन भइरहेको देखिन्छ । यस प्रकृयाको आफ्ना विधि विधान, कार्यकाल, कार्यपद्धति वा प्रक्रियाहरुका आफनै सीमा हुन्छन् । यी सबै पक्षहरु समय अनुसार अद्यावधिक, परिमार्जित र समयानुकूल बनाउन खोजिएको हुन्छ । तर हामी आबद्ध सङ्घसंस्थाहरु, पेशागत वा आस्थाका हिसाबले जोडिएका सङ्गठनहरु अध्ययन गर्ने हो भने पनि एउटा यस्तो स्वरुप हाम्रा अगाडि देखिन्छ कि अघिल्लो नेतृत्वकै छायाँमा नयाँ नेतृत्व अल्मलिइरहेको छ।

सङ्घसंस्थाहरुमा नेतृत्वका सन्दर्भमा लिएर जुन किसिमको निराशाहरु अहिले देखिन्छ त्यसको एउटा कारण पुस्तान्तरणको सवाल र नेतृत्व विकास र हस्तान्तरणमा देखिएको गतिरोध नै हो। हरेक ठाउँमा सिकाइ र विज्ञताका क्षमताका आधारमा भन्दा नेतृत्वको पुस्ताका आधारमा मोर्चाबन्दी भइरहेको देखिन्छ। नयाँ पुस्ताले कुनै नवीनतम् ज्ञान वा सिकाइका आधारमा अवधारणा वा योजनाहरु अगाडि सारेको खण्डमा पुरानाले अपमानित महसुस गर्ने वा आफूलाई बाहिर राख्न खोजेको महसुस गर्ने खालको अवस्था छ भने पुरानाहरुले आफ्नै समयका विधिहरु, तौरतरिका र इतिहास सुनाउँदा नयाँले समय अनुसार हिँड्न नसकेको महसुस गर्ने अवस्थाहरु निर्माण भइरहेको छ। यसरी हेर्दा नयाँले अग्रजको इतिहास र सिकाइलाई पनि नस्वीकारेको अनि पुरानाले नयाँको नवीनतम् ज्ञान र प्रविधिसहितको क्षमतालाई पनि नस्वीकारेको स्पष्टै देखिन्छ।

यस्ता सङ्घसंस्थाको नेतृत्वमा पितृसत्तात्मक सोचले काम गरेको देखिन्छ। यो सोचमा संस्थागत संस्कार, काम गर्ने क्षमता, सोच, बल, सक्रियता आदिका आधारमा बलियोले निर्धोलाई दबाइरहेको छ । अझ भनौं यही सोचका उपज पुरुषहरुबाट महिलाहरु धेरै हिसाबले दबित छन् । उत्पीडित र प्रभावित छन् । अझ नेतृत्व विकासका उल्लेखित समस्याहरु महिलाहरुले सञ्चालन गर्ने अभियानहरुमा देखिएको पाइन्छ। पुरुषले नेतृत्व गरेका संस्थाहरुमा पुस्ताका आधारमा कार्यशैलीमा समस्या सिर्जना भए विद्रोह वा विभाजनकै अवस्था निर्माण पनि भएका छन् तर महिलाहरुले सञ्चालन गरेका संस्थाहरुमा पुस्ताका प्रभावले संस्थाहरु काम गर्न न विघटन हुनुको अवस्थामा छन् । विभाजन वा विघटन हुन पनि नसक्ने र सिर्जनशील हुन पनि नसक्ने अवस्थामा अल्झिरहेको अवस्था छ।

महिलाहरुद्वारा स्थापित र सञ्चालित संस्थाहरुमा संस्थापकहरु सक्रिय छउञ्जेल उनीहरुको निरन्तर निर्देशन लिइरहनुपर्ने नयाँ पुस्ताको बाध्यता जस्तै देखिन्छ । १८औंदेखि १९औं शताब्दीको बीचमा युरोप र उत्तर अमेरिकामा महिलाहरुका लागि शैक्षिक विकासका लागि भएका प्रयत्न आधुनिक मानव समाजमा महिला केन्द्रित सामाजिक विकासका प्रयासहरु हुन् । बेलायतमा सन् १८४८ मा स्थापना भएको क्विन्स कलेजको स्थापना सन्दर्भ र योगदानले महिलाहरुको सामाजिक विकासमा भएको इतिहास झल्काउँछ । तर यो इतिहासको निरन्तरता र हस्तान्तरण समयअनुकूल भयो त ? यो गम्भीर प्रश्न छ । यो विकासको अवरोध पुरुष सत्ता मात्रै भयो कि महिलाहरुबीचमा हुनुपर्ने एकता, रुपान्तरण र नयाँ निर्माणको अभिरुची पनि जिम्मेवार छ।

महिलाहरुका लागि निर्माण भएका भनिएका विधि वा संरचनाहरुको संरक्षण विकासमा महिलाहरुकै पहल पनि अपेक्षित हुन नसक्नुको कारणहरु पनि खोज्दै गर्दा महिलाहरुकै पुस्तान्तरणका समस्या पनि देखिन्छन् । अग्रज नेतृत्वको समयअनुसारका शैलीमै नयाँ चल्नुपरेको अवस्था पनि यो विकासको गतिरोधको कारण हो भन्न सकिन्छ । तथ्याङ्कमै मापन गर्न सकिने अवस्था नभए पनि आफैंभित्रका समस्याहरुलाई पनि हेर्ने अभ्यास गर्नुपर्छ।




नेपाली सन्दर्भमा हेनुपर्दा महिलाका सवालमा स्थापना भएका सङ्घसंस्थाहरुको स्वरुप, संरचना उद्देश्य र कार्यशैलीमा देखिन नसकेको नवीनता र पृथकताको कारण खोज्न जरुरी भइसकेको छ । सामाजिक विद्रोहमा योगमायाले सुरु गरेको अभियानदेखि साहना प्रधान, साधना प्रधान र मंगलादेवीहरुले संस्थागत गरेको राजनीतिक एजेण्डा नै आजका दिनसम्म पनि निरन्तर उही शैलीमै गइरहनु पनि हाम्रो महिला आन्दोलन विकासको एउटा अवरोध हो । नयाँ पुस्ताले भोगेका समस्या, प्राप्त गरेका ज्ञान र उपलब्धिहरुलाई किन संस्थागत गर्न सकिएको छैन ? किन सिङ्गै आन्दोलनले यो नयाँ सोचलाई स्वामित्व ग्रहण गर्न सकेको छैन ? के आजका राजनीतिक मुद्दाहरु भिन्न ढङ्गले उठ्दै राजनीतिको मूल प्रभाहमा स्थापित भए त ? यो गम्भीर प्रश्न छ।

यस्तै नेपाली पत्रकारितामा कुमारी कामाक्षदेवी र साधना प्रधानले सुरु गरेर पत्रकारिता तथा महिला पत्रकारहरुको सङ्गठनको निर्माण हुँदै गर्दाका एजेण्डा र अवस्थाहरु नै आज पनि त्यसकै निरन्तरताले धान्न सक्छ ? यी विषयहरु पत्रकारितामा अझ महिला पत्रकारहरुले सोच्नुपर्ने विषय हो । उदाहरणका लागि, टाइम म्यागजिनले सन् २०२४ को 'पर्सन अफ द इयर'मा टेलर स्वीफ्टलाई कभर पेजमा राखेर मेन स्ट्रीम बहसमामा एक महिला गायिकालाई स्थान दिने र परम्परागत पत्रकारिताको अवधारणालाई भत्काउने साहस नेपाली पत्रकारिताले देखाउन सक्छ ? के हामीले तीन दशकमा जुन पत्रकारिताको साहित्य बोक्यौं अब त्यसलाई मात्र निरन्तरता दिने कि बदलिँदो विश्व व्यवस्थालाई हेर्दै समयसापेक्ष बनाउने ?

गौरी रायमाझीले सुरु गरेको महिला उद्यमशीलता र आत्मनिर्भरताको एजेण्डा आजका महिला उद्यमशीलता अभियानका नेतृत्वहरुसम्म आइपुग्दा पर्याप्त छन् त ? हरेक इतिहास निर्माणमा देखिएका पात्रहरु पनि प्रभाव पहुँचका आधारमा नै स्थापित भएको पनि त भन्न सकिन्छ । देशका कुनाकुना, दूरदराजमा भएका प्रयासहरु पनि त इतिहासमा संस्थागत हुन सकेका छैनन् । अझ अहिले पनि अघिल्लो पुस्ताकै निरन्तरता र निर्देशनमा सीमित रहने हो भने नयाँ खोजी र दस्तावेजीकरणको काम अलपत्र हुने देखिन्छ।

राजनीति, पत्रकारिता, सामाजिक सङ्घसंस्था वा उद्यमशीलता प्रवर्द्धनका हरेक क्षेत्रमा देखिएको अग्रजको 'लिडरसीप ह्याङओभर'ले महिला आन्दोलनको समग्रतामा पनि अग्रजहरुको पुरातन शैलीको 'फेमिनिज्म' मात्रै संस्थागत गर्ने कि सिर्जनात्मकता र क्षमताका आधारमा नयाँ इतिहास निर्माण गर्ने ? आफ्नो विचार वा नवप्रवर्द्धन लागु गर्न नसक्ने अवस्था हो भने पहिलेकै व्यक्तिहरुले देखाएको आधारमा मात्रै हस्तान्तरण भयो भने इतिहासकै निरन्तरता त हुन्छ त्यहाँ नयाँ निर्माण भएको मान्न सकिँदैन। यही अवस्थाकै कारण सिर्जनात्मक क्षमता भएकाहरु विस्थापित वा पलायन हुने र पहिलेकै आधारमा स्थापित भएकाहरुले गर्न नसक्ने भएका कारण अझै दशकसम्म यही सोच रहिरहन्छ। तसर्थ नयाँ पुस्ताका महिला अधिकारकर्मीहरुमा नजानिँदो प्रभाव (अननोइङ ह्याङओभर) ले पुरानाहरुबाट सिक्दै र अनुभव लिँदै आफ्नो नवीन सोचलाई नेतृत्व तहमा ल्याउन सकेमा मात्र नव 'फेमिनिज्म'को बदलिदो स्वरुपमा आफ्नोपन वा आफ्नो अवधारणा कायम गर्न सक्नुपर्छ। पुरानो 'फेमिनिज्म'को सोचमा मात्र रुमलिए भने बदलिँदै गएको महिलावादी अवधारणामा आफूलाई स्थापित गर्न सक्दैनन् । (लेखक पत्रकार हुनुहुन्छ)

# फूलैफूलको सहर धरान

सङ्गीता राइ



केही वर्षअघिसम्म लाहुरेको सहर भनेर चिनिने धरान अहिले फूलैफूलको सहरकारुपमा परिचित छ । लाहुरे समुदायको बाक्लो बस्ती रहेको धरानमा घरघरमा फूलको बगैँचा भेटिन्छ । विशेषगरी लाहुरे समुदायका घरका गेट, बगैँचा मात्र होइन छत र घरभित्र पनि फूलैफूलले सजाइएका छन् ।

धरानवासीको फूल र बिरुवाप्रतिको लगावका कारण कसैले यसलाई बगैँचाको सहर पनि भन्ने गरेका छन्। धरानमा घरसँगै अलिकति खाली ठाउँ छाडेर फूल र बोटबिरुवा रोप्ने चलनै छ। अहिले त सडकको छेउछाउ र खोलाको किनारमा पनि फूल रोप्ने अभियान नै सञ्चालन भइरहेको छ । धरानका नगर प्रमुख हर्कराज राईले सञ्चालन गरेको श्रमदान अभियानमार्फत सर्दु खोलाको बगर र डाँडाकाँडामा हजारौं बोटबिरुवा रोपिएका छन् ।

धरानमा त्यस्ता घर छैनन्, जहाँ कुनै फूल वा बिरुवा नहोस् । यहाँका सुकुम्बासी वस्तीदेखि लाहुरे बस्तीसम्म फूलैफूल भेटिन्छन्। फरक यति हो, आफ्नो क्षमताअनुसार कसैले दुई चारबोट रोपेका छन्, त कसैले बगैँचा नै बनाएका छन् । कतिपय त फूललाई सौखका रुपमा रोप्दारोप्दै व्यवसायी बनेर राम्रो आम्दानी पनि गरिरहेका छन् ।

सामाजिक अभियन्ताका रुपमा परिचित धरान उपमहानगरपालिका-११ की शिवमाया बान्तवाको घर फूल र बोट बिरुवाले ढाकिएको छ । कतै बगानबेली, कतै लालुपाते त कतै विभिन्न रङ्गीचङ्गी फूल रोप्नुभएकी शिवमायाले घरभित्र पनि उसैगरी इन्डोर प्लान्टले सजाउनु भएको छ । सौखले फूल र बिरुवा रोप्न थाल्नुभएको उहाँ ती फूलहरुलाई आफ्नै सन्तान झैँ स्याहार्नु हुन्छ।

शिवमायाले फूल र बिरुवालाई यति धेरै माया गर्नुको बेग्लै कथा छ। १७ वर्ष काम गरेको गोरखा सहकारीको जागिर चटक्क छाड्दा उहाँमा के गरौँ, कसो गरौँ भयो । डिप्रेसनमा जाने अवस्था भएपछि उहाँ आफ्नै घरमा फूल र बिरुवासँग रमाउन थाल्नुभयो । "फूलहरुको स्याहार गर्दागर्दै तिनीहरुको माया लाग्न थाल्यो । बजार जाँदा होस् या साथीको घर जाँदा फूल र बिरुवामै आँखा पर्न थाले", उहाँ भन्नुहुन्छ, "फूलकै कारण डिप्रेसन हुन पाएन, उनीहरु मेरा साथी जस्ता भए। अहिले यिनीहरुसँग छुट्नै नसक्ने भएकी छु।"

सुरुमा सोखका रुपमा फूल रोप्नुभएको शिवमायाले मन परेका फूल र बिरुवा जम्मा गर्दागर्दै घर भरियो । बिरुवा बनाएर छिमेकी र चिनेजानेका धेरैलाई बाँड्नु पनि भयो। तर आफूले सित्तैमा बाँडेका फूलको स्याहार नभएको देखेर उहाँको मन दुख्यो । उहाँ भन्नुहुन्छ, 'मैले बाँडेका फूल हेर्न जाँदा त कोही मरिसकेको, कोही त्यतिकै फ्याँकेको देखेँ । मान्छेले पैसा परेको चिजलाई मात्र महत्व दिँदा रहेछन् भन्ने सोच आयो । त्यसपछि सित्तैंमा बाँड्न छाडेँ । फूल माग्नेसँग पैसा लिन थालेँ ।'

फूल बेचेको पैसालाई उहाँले फूल र बिरुवामै लगानी गर्दै जानुभयो । यसो गर्दागर्दै उहाँ फूलको सौखिनबाट व्यवसायी बन्नुभयो । २०७२ सालबाट त उहाँले फूलसँगै ड्राइगन फ्रुटका बिरुवा बेच्न थाल्नुभयो । कोरोना महामारीपछिको बन्दाबन्दीका बेला मात्र आफूले १५ लाख रुपैयाँको बिरुवा बेचेको उहाँ बताउनुहुन्छ । शिवमायाले पाँच वर्षयता त 'फ्लावर जोन एन्ड पट हाउस' नामको नर्सरी नै खोलेर फूलको व्यवसाय गरिरहनुभएको छ। उहाँ भन्नुहुन्छ, "पहिला सौखका रुपमा रोपेका फूलले अहिले राम्रो आम्दानी भएको छ । नर्सरीमा आएर मात्र होइन, फेसबुकलगायतका सामाजिक सञ्जालबाट पनि बिक्री गरिरहेकी छु । धेरै धरानेलीहरु म जस्तै फूलका सौखिन छन् ।"

धरानका युवा चित्रकार युमेनहाङ राई पनि पहिलादेखि नै फूलका सौखिन हुनुहुन्थ्यो । फूल सङ्कलन गर्दा गर्दै अहिले उहाँले पनि अहिले धरान-२० मा एभरेष्ट नर्सरी खोल्नुभएको छ । कोरोना महामारीले धेरैको व्यापार व्यवसाय चौपट भएकाबेला उहाँले चाहिँ आफूले सङ्कलन गरेका फूलहरुलाई नर्सरीको रुप दिनुभयो। अहिले उहाँको नर्सरीमा सय रुपैयाँदेखि ७० हजार रुपैयाँसम्म मूल्यका फूल तथा बिरुवा किन्न पाइन्छ। उहाँ भन्नुहुन्छ, "धरानमा घरघरमै फूलको बगैँचा छभन्दा हुन्छ। यो बगैँचाको सहर हो।"

धरानमा सौखले फूल रोप्ने त धेरै झन्, सौखबाटै व्यवसायी बन्नेहरुको स ्या पनि बढिरहेको छ। धरान-१९ का विश्व लिम्बू अफ्रिकी सजावटका फूल सङ्कलन गर्दागर्दै व्यवसायी बन्नुभएको छ। छ वर्षदेखि क्यानल अफ्रिकन भेटिलेट नर्सरी सञ्चालन गरिरहनु भएका उहाँ विदेशबाट पनि सजावटका बिरुवाहरु मगाउने र आफैँ पनि उत्पादन गरेर बिक्री गरिरहेको बताउनुहुन्छ। धरान-८ का गौरव लिम्बुले पनि भर्खरै वनेम नर्सरी खोलेर विक्री वितरण गरिरहनु भएको छ।

धरान उपमहानगरपालिकाको लगानीमा भानुचोकदेखि छाताचोकसम्मको मुख्य सडकको दायाँबाँया फलामको रेलिङमा गमला राखेर फूल रोपिएका छन्। यसले पनि धरानको सुन्दरता बढाएको छ । धरानवासीको फूलसँगको सामिप्यताकै कारण धरानलाई फूलको सहर, बगैंचाको सहर भनेर समेत चिन्ने गरिन्छ । माथि विजयपुर डाँडाबाट हेर्दा धरान बगैंचाभित्र घरैघर भएको शहर जस्तो देखिन्छ।

धरानबासीको फूलप्रतिको उत्साह देखेर धरान उपमहानगरपालिकाले एक दशकअघि नै धरानलाई फूलैफूलको शहर बनाउने अभियान चलाएको थियो । नागरिकलाई फूलप्रति आकर्षण मात्र होइन, व्यावसायिक पनि बनाउने उद्देश्यले उपमहानगरपालिकाको सहयोगमा छलफल, अन्तरक्रिया पनि चलाइएको थियो।

उपमहानगरपालिकाका पूर्व सामाजिक विकास अधिकृत सुनिल नेपाल घरमा राम्रोसँग फुलको सजावट गर्नेलाई पुरस्कृत गर्ने गरिएपछि नागरिकले फूललाई अझ व्यवस्थित रुपमा रोप्न र व्यावसायिक बन्न थालेको उहाँको भनाइ छ। उहाँ भन्नुहुन्छ "फूलबाट औषधीहरु पनि बन्छन्, सबैतिर फाइदैफाइदा छ, त्यसैले धरानलाई फूलैफूलको शहरका रुपमा विकास गर्ने योजना ल्याइएको थियो।"

धरानका नगरप्रमुख हर्कराज राईले पनि धरानलाई फूलैफूलको सहर बनाउने भन्दै वृक्षरोपण अभियानलाई निरन्तरता दिइरहनु भएको छ। उहाँ भन्नुहुन्छ, "यसपटक हामीले सडकको छेउ र खोलाका किनारमा रोपेका फूल धमाधम फुलिरहेका छन् । यसले पर्यटक पनि आकर्षण गर्छ । फूल र बोटबिरुवा धरानको चिनारी बनाउने अभियान छ हाम्रो।"

### करोडौंको कारोबार

धरानमा व्यावसायिकरुपमा फूल र बिरुवा बेच्ने नर्सरी दुई दर्जन हाराहारी छन्। त्यसबाहेक अनलाईनमार्फत फुल बेच्नेहरुको स ्या पनि ठूलो छ। नर्सरीहरुको कारोबार मात्र हिसाब गर्दा पनि वार्षिक तीन करोड रुपैयाँभन्दा बढीको फूल बिक्री हुने गरेको व्यवसायीहरुको भनाइ छ।

बुढासुब्बा नर्सरीका सञ्चालक प्रेमप्रसाद पराजुली पूर्वमा सबैभन्दा बढी धरानमै फूल विक्री हुने बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "धरानका पाँच छ वटा नर्सरीले दिनमा ३० हजार हाराहारीको फूल बेच्छन्, अरुलेपनि दिनमा कम्तिमा रु पाँचदेखि आठ हजार रुपैयाँको बेच्छन् । घरघरबाटै र अनलाइनबाट बेच्नेको हिसाबै छैन।"

धरानका क्यामेलिया, एञ्जिला, पवित्रजस्ता पुराना नर्सरीले फूलको राम्रो कारोबार गरिरहेका छन् । पवित्र नर्सरीकी सञ्चालिका प्रमिला राई १६ वर्षदेखि नर्सरीबाटै परिवार धानिरहेको बताउनुहुन्छ। धरानका नर्सरीहरु आफू मात्र आत्मनिर्भर छैनन, धेरैलाई रोजगारीसमेत दिएका छन् । कतिपयले आफ्नै परिवार मिलेर फूलको व्यवसाय सञ्चालन गरिरहेका छन् भने धेरैले पाँच सातदेखि २५ जनासम्मलाई रोजगारी पनि दिएका छन् ।

### व्यवसायीको गुनासो

फूल र बोटबिरुवा रोप्दा एकातिर वातावरणका लागि फाइदा छ भने अर्कातिर व्यावसायिकरुपमा पनि यो व्यवसाय राम्रो बनिरहेको छ । तर, यसमा लागेका व्यवसायीहरु बाहिरबाट फूल ल्याएर बिक्री गर्न झन्झटिलो प्रक्रियाका कारण समस्या भएको बताउँछन् । व्यवसायी युमेनहाङ राई नर्सरीहरुलाई व्यवसायमा दर्ता गर्नुपर्ने प्रावधानले पनि समस्या भएको बताउनुहुन्छ । यसलाई कृषि उत्पादनका रुपमा सरकारले सहयोग गर्नुपर्ने उहाँको धारणा छ । फूल र बिरुवा उत्पादकहरुलाई सरकारी सहयोग पाउन पनि अप्ठ्यारो मापदण्डका कारण कठिनाइ भएको उहाँको भनाइ छ।

फूल व्यवसायी शिवमाया बान्तवा पनि फूलको खेती र व्यवसाय गर्ने भन्दा राजनीतिक प्रभाव राख्नसक्नेले अनुदान पाउने गरेको तर वास्तविक फूल व्यवसायी मारमा परेको बताउनुहुन्छ। सरकारी निकायले वास्तविक फूल किसान र व्यवसायीलाई सहयोग गर्नु पर्ने उहाँको धारणा छ । अर्का व्यवसायी प्रेमप्रसाद पराजुली फूलबाट सबैलाई फाइदैफाइदा देख्नुहुन्छ । उहाँ भन्नुहुन्छ, "फूलखेती र व्यवसायले सहर पनि सुन्दर देखिन्छ, व्यापार पनि राम्रो हुन्छ । यसलाई सरकारले प्रोत्साहन गर्ने हो भने पर्यटनको विकासमा पनि ठूलो योगदान पुग्न सक्छ।"

# खातामा पैसा जम्मा नभएको लामिछानेको भनाई



**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रियस्वतन्त्रपार्टी (रास्वपा)का सभापति रवि लामिछानेले ग्यालेक्सी फोर के टेलिभिजन छोडेपछि सो टेलिभिजनमा भएको आफ्नो १५ प्रतिशत शेयर बिक्रीवापत आफूले पैसा नलिएको दाबी गर्नुभएको छ।

सहकारीको पैसा दुरुपयोग भएको भन्ने विषयमा विभिन्न सञ्चारमाध्यममा प्रकाशित समाचारको खण्डन गर्दै वनस्थलीस्थित केन्द्रीय पार्टी कार्यालयमा आयोजित पत्रकार सम्मेलनमाउनलेसञ्चारमाध्यममा आएको जस्तो रु एक करोड ८० लाख आफ्नो खातामा जम्मा नभएको जिकिर गरे।

"मैले गोर्खा मिडिया नेटवर्क अन्तर्गत सञ्चालित ग्यालेक्सी फोर के टेलिभिजनमा काम गर्दै गर्दा 'गुडविल शेयर'को अपेक्षा गरेको र गुडविल शेयरको प्रावधान नभएकाले त्यसलाई प्रणालीमा ल्याउनका लागि गरिएका बाहेक मैले लिएको वा दिएको छैन", सो सम्बन्धमा उठेका जिज्ञाशाको जवाफ दिँदै उनले भने।

"सन् २०२२ जुन १७ मा रु एक करोड ८० लाखको चेक मेरो खातामा क्रेडिट गरिएको तर उक्त चेक इलेक्ट्रोनिक चेक क्लियरिङ (इसिसी)मार्फत चेक क्लियरिङमा पठाउँदा सो खातामा रकम पर्याप्त नभएको हुँदा सो रकम खातामा जम्मा नभएको बैंकले विवरण उपलब्ध गराएको छ", बैंकको पत्र देखाउँदै उनले भने।

पत्रकार सम्मेलनमा पूर्व बैंकर एवम् रास्वपाका नेता अनिल केशरी शाहले पनि उक्त चेक क्लियरिङ नभएकाले उक्त चेकमा उल्लेखित रकम सभापति लामिछानेको खातामा जम्मा नभएको दाबी गरे। उनले यस्ता घटना बैंकिङ क्षेत्रमा भइरहने भन्दै यो कुनै नयाँ घटना नभएको समेत उल्लेख गरे।

# 'स्वास्थ्य क्षेत्रका समस्या प्याकेजमा सम्बोधन गर्नुपर्छ'


**टुडे समाचारदाता**

काठमाण्डु। प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले चिकित्सा शिक्षा र नर्सिङ क्षेत्रका समस्या प्याकेजमै सम्बोधन गर्नुपर्ने बताउनुभएको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबारमा नर्सिङ क्षेत्रका समस्या सम्बोधन गर्नेबारे भएको उच्चस्तरीय छलफलमा प्रधानमन्त्रीले सो कुरा बताउनुभएको हो।

प्रधानमन्त्रीले भने, "नर्सिङ शिक्षाको कुरा गरिरहँदा नर्सिङ र प्राविधिक शिक्षा तथा व्यवसायिक तालीम परिषद् (सिटिइभिटी)को क्षेत्राधिकार बाभिने गरेको अवस्था पनि छ। त्यसलाई हामीले स्पष्ट पार्नुपर्छ।"

चिकित्सा शिक्षा र नर्सिङ क्षेत्रका समस्या सम्बोधनका निम्ति छिट्टै चिकित्सा शिक्षा आयोगको बैठक बस्ने प्रधानमन्त्रीले जानकारी दिए। प्रधानमन्त्रीले भने, "चिकित्सा शिक्षा आयोगको बैठक हामी छिट्टै बस्छौँ। स्वास्थ्य क्षेत्रका समस्या के हुन्, नर्सिङ क्षेत्रका समस्या के हुन्, त्यसबारे बृहत् छलफलमार्फत एउटा निष्कर्षमा पुग्नुपर्छ। आयोगको बैठक बसेर अध्ययन समिति नै बनाएर व्यवस्थित काम गरौँ। समितिमा राष्ट्रिय योजना आयोगलाई पनि समावेश गरेर जाऔँ।"



ऐनका समस्या ऐन संशोधनको प्रक्रियाबाट नै सम्बोधन गर्नुपर्ने उनको भनाइ छ। "ऐनले जति कुराको बाटो खोलिदिएको छ, त्यसको सम्बोधनका लागि हामीले नै तत्परता देखाउनुपर्छ", प्रधानमन्त्रीले भने, "ऐनमा भएको व्यवस्था लागू गर्न हामी चुक्नु भएन। अहिले भएको साधनस्रोतका आधारमा गर्न सकिने काम कार्यतालिका बनाएर गरौँ।"

बैठकमा प्रधानमन्त्रीसँगै उपप्रधानमन्त्रीद्वय पूर्णबहादुर खड्का र नारायणकाजी श्रेष्ठ, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राई, नेपाल सरकारका मुख्यसचिव डा बैकुण्ठ अर्याल, प्रधानमन्त्री कार्यालयका सचिव, शिक्षा मन्त्रालयका सचिव सुरेश अधिकारी, नर्सिङ काउन्सिलका रजिष्ट्रार शुक्ला खनालगायत उपस्थित थिए।

# ऐन-नियम विपरीत त्रिविलाई आर्थिक भार दिइयो

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रियसभा, प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा त्रिभुवन विश्वविद्यालयले विद्यमान ऐन-नियमको पूर्ण पालना नगरी सेवासुविधा प्रदान भइरहेको अवस्थासहितको अध्ययन प्रतिवेदन प्रस्तुत भएको छ।

समितिको सोमबारको बैठकमा अधिवक्ता चक्रमान विश्वकर्माद्वारा प्रस्तुत प्रतिवेदनमा त्रिविलाई आर्थिक भार पर्ने गरी कर्मचारी कल्याण कोष, औषधि उपचार कर्मचारी सापटी कोषजस्ता कोषहरु विनियमावली बनाई स्थापना भएको देखिएकाले त्यस्ता कोषहरु ऐन वा विनियमावलीबाट व्यवस्था गर्न सुझाव दिइएको छ।

यस्तै त्रिविका पदाधिकारीको पारिश्रमिक, सेवा, सर्त तथा सुविधा आफैँ तोकी विनियमावली बनाइनु विधिसम्मत नभएको तथा त्रिवि ऐन, २०४९ कार्यान्वयनमा आएको ३१ वर्ष भइसकेकाले नयाँ ऐन ल्याउनुपर्ने निचोड पनि समितिसमक्ष पेस गरिएको छ।

समितिका सभापति मायाप्रसाद शर्माले प्रत्यायोजित विधायनको निर्माण र कार्यान्वयन सम्बन्धमा विश्वविद्यालय स्पष्ट हुनुपर्ने र संविधानले प्रत्याभूत गरेको उच्चशिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजान आग्रह गरे।


# जनता ठग्ने सहकारी सञ्चालकमाथि कारबाही हुन्छ

**टुडे समाचारदाता**

काठमाण्डु। उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले वित्तीय अपराधलाई नियन्त्रणमा लिन कानुनी र संस्थागत प्रबन्ध गर्नु आवश्यक रहेको बताएका छन्।

महाराजगन्जस्थित राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानमा सोमबार आयोजित अपराध अनुसन्धान समीक्षा गोष्ठीलाई सम्बोधन गर्दै उनले पछिल्लो समय वित्तीय अपराधको अनुसन्धानका निम्ति आवश्यक कानुनी र संस्थागत व्यवस्थाको प्रबन्ध गर्ने, प्रविधि र दक्ष जनशक्तिको विकास गरेर कारबाहीको दायरामा ल्याइने बताए।

"खर्बौंको 'डिलिङ' क्रिप्टोमार्फत भइरहेको सूचना छ, सरकारले त्यसलाई अवैध मानेको छ, हुण्डी र विदेशी मुद्राको कारोबार नयाँ ढङ्गले भइरहेको छ, प्रतीतपत्र (एलसी) खोल्नेमा नयाँ प्रवृत्ति देखिएको छ", उपप्रधानमन्त्री श्रेष्ठले भने, "यसले अर्थतन्त्रमा नयाँ समस्या पैदा गरेको छ, ठूल्ठूला अपराधकर्ममा क्रिप्टोकरेन्सीको प्रयोग भइरहेको छ, हालैको सुन काण्डमा पनि क्रिप्टोको प्रयोग भएको देखिएको छ, यसलाई कुनै हालतमा नियन्त्रण गर्नुपर्छ।"



क्रिप्टोकरेन्सीको अनुसन्धान गर्न दक्ष जनशक्ति तयार गर्नुपर्ने आवश्यकता रहेको उल्लेख गर्दै उनले यसका लागि कानुनी प्रावधानको कमी सरकारले महसुस गरेको बताए। उपप्रधानमन्त्री श्रेष्ठले सहकारी आफ्नो मूल मर्मबाट विचलित भएर वित्तीय संस्थाका रुपमा परिणत हुनुले समाजमा वित्तीय अपराध र ठगी बढ्दै गएको बताए। सहकारी ठगीलाई नियन्त्रण गर्न सरकारले कानुन निर्माण गर्ने तयारी गरेको उनको भनाइ छ।

"कानुन संशोधन गरेर सहरकारीलाई पुनःपरिभाषित गर्ने र त्यस आधारमा सहकारी सञ्चालन गर्नुपर्छ, सहकारीलाई बैंक जस्ता संस्थाका रुपमा गतिविधि गर्न पाइँदैन", श्रेष्ठले भने, "गठनआदेशद्वारा नियामक निकाय गठन, बचत तथा कर्जा सुरक्षण कोष स्थापना गर्ने तथा समस्याग्रस्त सहकारी व्यवस्थापन समितिलाई प्रभावकारी बनाउने सरकारको निर्णय छ।"

सहकारीका सञ्चालकले मनपरी गरेर बचतकर्तालाई ठगी गरेको प्रारम्भिक अनुसन्धानबाट देखिएको उल्लेख गर्दै उनले त्यस्ता सहकारीका कारोबारका बारेमा चाँडै अनुसन्धान थालिने बताए। उपप्रधानमन्त्री श्रेष्ठले अपराध कर्म तथा ठगीमा संलग्न सहकारी सञ्चालकलाई कारबाही तथा बचतकर्तालाई न्याय दिने प्रक्रिया अघि बढेको बताए। "सरकारले बचतकर्तालाई न्याय दिनेछ, सहकारीलाई अर्थतन्त्रको मेरुदण्डका रुपमा अघि बढाइनेछ", उनले भने।

महान्यायाधिवक्ता डा दीनमणि पोखरेलले पछिल्ला दिनमा आर्थिक अपराधका शृङ्खला बढेको अवस्थामा यससम्बन्धी अपराधको अनुसन्धान गर्न विशिष्टकृत संरचना बनाउनुपर्ने बताए। उनले वैज्ञानिक, वस्तुनिष्ठ र विश्वसनीय प्रमाणका आधारमा अनुसन्धान, अभियोजन र न्याय निरुपण हुने प्रणालीलाई थप बलियो बनाउनुपर्नेमा जोड दिए।

प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले प्रहरीले आर्थिक अपराधको अनुसन्धान गर्न विशिष्टकृत ब्युरो स्थापनाका लागि गृहकार्य थालेको बताए। अपराध अनुसन्धानप्रति प्रहरी गम्भीर रहेको उल्लेख गर्दै उनले प्रविधिमैत्री अनुसन्धानलाई अगाडि बढाउन प्रहरी सङ्गठन प्रतिबद्ध रहेको बताए।

काठमाडौँ महानगरपालिकाका उपप्रमुख सुनिता डङ्गोलले विद्युतीय अपराधले सिर्जना गरेका चुनौती समाना गर्न नेपाल प्रहरीको क्षमता अभिवृद्धि गरिनुपर्ने बताईन्। साइबर सुरक्षासम्बन्धी दक्ष जनशक्तिको विकास गर्नुपर्छ भनेर कामपाले छात्रवृत्तिमा तालिम दिन लागेको उनले जानकारी दिईन्।

# व्यवसाय फस्टाउन बजारीकरण आवश्यक रहेको मन्त्री शर्माको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु। सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले कुनै पनि व्यवसाय फस्टाउनका लागि बजारीकरण आवश्यक रहेकामा जोड दिएकी छन्।

रेडियो र टेलिभिजनको व्यवसाय प्रवर्द्धनमा संलग्न जनशक्तिका लागि विज्ञापन बोर्डले सोमबार यहाँ आयोजना गरेको क्षमता विकास कार्यक्रममा उनले सोमबारको युग बजारीकरणको भएको बताउँदै जुनसुकै व्यवसाय बजारीकरणबिना फस्टाउन नसक्ने उल्लेख गरिन्।

मन्त्री शर्माले भनीन्, "व्यवसाय फस्टाउनका लागि बढी व्यावसायिक र सीपयुक्त बनाउन आवश्यक छ। यो कार्यक्रमले बजारीकरणमा काम गर्नेलाई थप प्रोत्साहन गर्ने विश्वास छ।" रेडियो र टेलिभिजन तुलनात्मक बढी प्रभावकारी सञ्चारमाध्यम भएको उल्लेख गर्दै उनले यसबाट प्रसारित हुने सामग्रीको विषयका बारेमा ध्यान पुऱ्याउन आग्रह गरिन्।

"कहिलेकाहीँ विज्ञापन प्रसारण गर्दा पनि संविधान र प्रचलित कानुनको प्रावधानविपरीत हुने गरेको पाइएकाले त्यसमा पनि ध्यान पुऱ्याउनुपर्छ। बहुविवाह र छुवाछुतविरुद्ध सकारात्मक सन्देश प्रवाह हुने उद्देश्यले प्रसारण गरेका सामग्रीले पनि कसैको भावनामा चोट पुऱ्याउन हुँदैन", मन्त्री शर्माले भनीन्।



विज्ञापनमा हुने चुहावट नियन्त्रणका लागि विज्ञापन नियमावली संशोधन गरिएको जानकारी गराउँदै मन्त्री शर्माले अब यस क्षेत्रमा विज्ञापन एजेन्सीले १५ प्रतिशत मात्र शुल्क लिन पाउने व्यवस्था गरिएको जानकारी दिईन्। उनले आथिक मन्दीको प्रभाव विज्ञापन क्षेत्रमा पनि परेकाले विज्ञापनबापत कम रकम पाउँदा सञ्चारमाध्यमले श्रमजीवी पत्रकार र कामदारको पारिश्रमिक दिन नसकेको गुनासो सुनिएको सन्दर्भमा यसले केही हदसम्म समस्या समाधान गर्ने विश्वास व्यक्त गरिन्।

मन्त्री शर्माले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका लागि ठूलो सङ्घर्ष गरेका मिडियाको प्रवर्द्धन गर्न सरकारले आवश्यक पहल गरिरहेकोसमेत बताईन्।

कार्यक्रममा बोर्डका अध्यक्ष लक्ष्मण हुमागाईंले विज्ञापन बजार नियमनका लागि बोर्डले विभिन्न काम गरिरहेको जानकारी गराउँदै आगामी फागुनदेखि बोर्डबाट पारित गरेरमात्र विज्ञापन प्रसारण गर्न पाइने व्यवस्था गर्न लागिएको बताए।

नेपाल विज्ञापन सङ्घका अध्यक्ष सुदीप थापाले विज्ञापन बजार खुम्चिएकाबेला हरेकसञ्चारमाध्यमलेएकअर्काको अस्तित्व स्वीकार गरेर काम गर्दामात्र सञ्चार उद्योग जोगिने धारणा व्यक्त गरे।

बोर्डका सदस्य चेतन अधिकारीले हालसम्म समाचारमा संलग्न जनशक्तिका लागिमात्र विभिन्न कार्यक्रम हुने गरेको अवस्थामा बोर्डले व्यस्थापनमा संलग्न जनशक्तिलाई लक्षित गरी यो कार्यक्रम गरेको बताए। दुई दिनसम्म हुने उक्त कार्यक्रममा विभिन्न सञ्चारमाध्यमको व्यवस्थापन र बजार क्षेत्रमा कार्यरत व्यक्तिको सहभागिता छ।

# वैकल्पिक राजमार्ग प्राथमिकतामा : नेता आले

**टुडे समाचारदाता**

डोटी। नेकपा (एकीकृत समाजवादी) का नेता तथा पूर्वमन्त्री प्रेमबहादुर आलेले धनगढी, खुटिया, दिपायल, बभ्राङहुँदै उरै भञ्ज्याङ जोड्ने वैकल्पिक राजमार्गलाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्ने बताउनुभएको छ।

सोमबार डोटीको सिलगढीमा नेकपा (एकीकृत समाजवादी) को कार्यक्रमलाई सम्बोधन गर्दै उनले बैकल्पिक राजमार्ग मात्रै बनाउन सके समग्र सुदूरपश्चिमको विकासमा ठूलो परिवर्तन आउने बताए। उनले भने, "धनगढी, खुटिया, दिपायल, बभ्राङहुँदै उरै भञ्ज्याङ जोड्ने वैकल्पिक राजमार्ग मात्रै बनाउन सके हाम्रो प्रदेशको विकासले ठूलो फड्को मार्नेछ। यो नेपाल, भारत र चीन जोड्ने मार्ग भएकाले पनि यसको निर्माणमा प्राथमिकता दिन अति जरुरी छ।"

डोटीबाट प्रतिनिधिसभामा निर्वाचित सांसद आलेले यहाँका अन्य राजमार्गको तुलनामा उक्त राजमार्ग सबैभन्दा छोटो दूरीको रहेकाले आफूले सो राजमार्गलाई पहिलो प्राथमिकतामा राखेर यसका लागि सङ्घ तथा प्रदेश सरकारसँग आवश्यक पहल गर्ने आश्वासन दिए।


## प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धीको सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८०/१०/०९**

मधेश प्रदेश सर्लाही जिल्ला ईश्वरपुर नगरपालिका वडा नं. ९ मा निर्माण तथा संचालन हुने श्याम खाद्य उद्योगद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावको नाम : | श्याम खाद्य उद्योगको प्रारम्भिक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन तयारी |
| प्रस्तावकको नाम र ठेगाना : | श्याम खाद्य उद्योग, ईश्वरपुर नगरपालिका, वडा नं. ९, सर्लाही |
| प्रस्तावकको व्यहोरा : | चामल, चिउरा र भुजा उत्पादन गर्ने। |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा./गा.पा. : | सर्लाही जिल्ला ईश्वरपुर नगरपालिका वडा नं. ९ |

माथी उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| जिल्ला स्थित सम्बन्धित उद्योग कार्यालयको नाम र ठेगाना | घरेलु तथा साना उद्योग कार्यालय, मलंगवा, सर्लाही<br>सम्पर्क नं. ०४६-५२०१८३<br>इमेल : dcsisarlahi@gmail.com |
| सम्बन्धित वडाको नाम र ठेगाना : | ईश्वरपुर नगरपालिका, ७ नं. वडाको कार्यालय, सर्लाही |
| प्रस्तावकको नाम र ठेगाना : | श्याम खाद्य उद्योग, ईश्वरपुर नगरपालिका वडा नं. ९, सर्लाही<br>सम्पर्क व्यक्ति : श्याम बाबु साह<br>सम्पर्क नं. ९८५४०२०६८७ |
| परामर्शदाताको नाम र ठेगाना : | सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि., बिरगंज-१६, पर्सा<br>सम्पर्क व्यक्ति : शम्भु प्रसाद चौरसिया<br>इमेल : shambhuprasadchaurasia@gmail.com |



## गुठी संस्थान शाखा कार्यालय जनकपुरधाम, धनुषाको पोखरी भाडामा लगाउने सम्वन्धी बोलपत्र आव्हान गरिएको ७ (सात) दिने सार्वजनिक सूचना

गुठी संस्थानको पूर्व स्वामित्वमा रहेको गुठी पोखरी जे जस्तो अवस्थामा छ सोही अवस्थामा पानीमा हुने माछा पालन व्यवसायका लागि सिलबन्दी बोलपत्रको माध्यमबाट ५ (पाँच) वर्षको लागि भाडामा व्यवस्था गर्न पर्ने भएकोले निम्न शर्तको अधिनमा रही बोलपत्र पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | जिल्ला | न.पा. | वडा नं. | सिट नं. | कि.नं. | क्षे.फ. | पोखरीको नाम |
|---|---|---|---|---|---|---|---|
| १ | धनुषा | ज.उ.म.न.पा. | ६ | | | | गोरधोई पोखरी |
| २ | " | " | ४ | | | | विषहरा पोखरी |
| ३ | " | " | ६ | १३१५-०३ | ५८ | | पुरन्दर सर |

१. बोलपत्र फारम दस्तुर ५०००।- (पाँच हजार) मात्र नगद बुझाई पछि फिर्ता नहुने गरी यस कार्यालयबाट सूचना प्रकाशित भएको मितिले ७ औ दिनसम्म खरिद गर्न सकिने छ।
२. यो सूचना प्रकाशित भएको मितिले ८ औं दिनको १२:०० बजे सम्म आफूले लिन चाहेको दर उल्लेख गरी लाह छाप सहितको सिलबन्दी गोप्य बोलपत्र फारम यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ। दर्ता भएका गोप्य बोलपत्रहरु सोही दिनको २:०० बजे बोलपत्र दाता वा प्रतिनितधिहरुको रोहवरमा खोलिन्छ। प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोलन बाधा पर्ने छैन।
३. आफूले सकार गरेको पाँच वर्षको कबुल अंकको ३ (तिन) प्रतिशतले हुन आउने रकम यस कार्यालयको एन. आई.सी. एसिया बैंक खाता नं. ३१४१४८३०४९५२४००१ मा नगद जम्मा गरेको सक्कल भौचर वा कम्तीमा १२० दिन मान्य अवधि भएको वाणिज्य बैंकको जमानत पत्र संलग्न हुनु पर्नेछ।
४. गुठी संस्थानलाई तिर्न वा बुझाउन बाँकी बक्यौता राख्ने तथा कालो सुचीमा परेका, फर्म वा निजका परिवारले यस ठेक्का प्रक्रियामा सहभागी हुन पाउने छैनून। सहभागी भएको पाईएमा त्यस्ता व्यक्ति, फर्मको ठेक्का फर्मको ठेक्का प्रक्रिया रद्द हुनेछ।
५. बोलपत्र साथ PAN (स्थायी लेखा नम्बर) संघ संस्था दर्ता प्रमाणपत्र, मु.अ. कर दर्ता प्रमाण पत्र सहित कर चुक्ता प्रमाण पत्र र नेपाली नागरिक्ताको प्रमाण पत्र पेश गर्नु पर्नेछ।
६. अलग/अलग पोखरीको लागी अलग/अलग बोलपत्र पेश गर्नु पर्नेछ।
७. बोलपत्र बुझाउने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि लगतै कार्यालय खुलेको दिन सबै काम गरिनेछ।
८. यो विषयमा कुनै द्विविधा भएमा वा अन्य कुनै विषयमा जानकारी प्राप्त गर्नु परेमा यस कार्यालयमा सम्पर्क राख्न सक्न्छि।
९. पर्न आएका बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सर्वाधिकार गुठी संस्थान प्रधान कार्यालयमा निहित रहनेछ। न्यूनतम अंकभन्दा कम रकम कबुल गरि पेश हुन आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
१०. यस सम्बन्धी अन्य कुराहरु गुठी तैनाथी घर जग्गा लिज तथा वहालमा दिने सम्बन्धी निर्देशिक २०७८ बमोजिम हुनेछ।


**सम्पर्क टेलिफोन ०४१५९०२८१**

जनकपुर टुडे


# अयोध्यास्थित मन्दिरमा राम लल्लाको मूर्ति अनावरण, मोदीद्वारा पूजाअर्चना

**एएनआइ**

अयोध्या । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको उपस्थितिमा सोमबार अयोध्याको श्री राम जन्मभूमि मन्दिरमा राम लल्लाको मूर्ति अनावरण गरिएको छ । मन्दिरको गर्भगृहमा भएको प्राण प्रतिष्ठा समारोहमा प्रधानमन्त्री मोदीले अनुष्ठानको नेतृत्व गर्नुभएको थियो । गहिरो भक्तिभावको वातावरणमा समारोहको आयोजना भएको हो ।



राम लल्लाको मूर्ति अनावरण हुनेबित्तिकै भारतीय वायु सेना (आइएएफ) का हेलिकप्टरहरूले अयोध्यामा श्री राम जन्मभूमि मन्दिर परिसरमा फूलको वर्षा गरेका थिए । समारोह आयोजना भएकामा भक्त तथा अतिथिहरूले 'जय श्री राम' को नारा लगाएका थिए । समारोहमा राष्ट्रिय स्वयंसेवक सङ्घका प्रमुख मोहन भागवत, उत्तर प्रदेशका राज्यपाल आनन्दीबेन पटेल र राज्यका मुख्यमन्त्री योगी आदित्यनाथ उपस्थितहुनुहुन्थ्यो।भव्यमन्दिरमासमारोहका लागि आठ हजारभन्दा धेरै अतिथिलाई आमन्त्रण गरिएको थियो ।ऐतिहासिक प्राण प्रतिष्ठा समारोहमा मुलुकका सबै प्रमुख आध्यात्मिक तथा धार्मिक सम्प्रदायका प्रतिनिधिले भाग लिएका छन् । समारोहमा विभिन्न आदिवासी समुदायका प्रतिनिधिसहित सबै क्षेत्रका मानिस पनि सहभागी भएका छन् । श्री राम जन्मभूमिको निर्माण परम्परागत नगारा शैलीमा गरिएको हो । यसको लम्बाइ (पूर्व-पश्चिम) तीन सय ८० फिट, चौडाइ दुई सय ५० फिट र उचाइ एक सय ६१ फिट रहेको छ । समग्रमा मन्दिरमा कूल तीन सय ९२ स्तम्भ र ४४ ढोका छन् ।

मन्दिरको स्तम्भ र पर्खालहरूमा हिन्दू देवी-देवताका साथै देवीहरूका जटिल मूर्तिकला प्रदर्शित छन् । भुइँतलामा रहेको मुख्य गर्भगृहमा भगवान् श्री रामको बाल्यकालको स्वरूप (श्री राम लल्लाको मूर्ति) राखिएको छ।मन्दिरको मुख्य प्रवेशद्वार पूर्वी दिशामा रहेको छ । त्यहाँ सिंहद्वार हुँदै ३२ सिँढी चढेर पुग्न सकिन्छ । मन्दिरमा कूल पाँच मण्डप (हल) नृत्य मण्डप, रङ्ग मण्डप, सभा मण्डप, प्रार्थना मण्डप र कीर्तन मण्डप छन् । मन्दिर नजिकै ऐतिहासिक इनार (सीता कूप) छ । यो इनार प्राचीनकालको हो ।

मन्दिर परिसरको दक्षिणपश्चिमी भागमा रहेको कुबेर टिलामा भगवान् शिवको प्राचीन मन्दिरको जीर्णोद्धार गरिएको छ भने जटायुको एउटा मूर्ति पनि स्थापना गरिएको छ । मन्दिरको जगलाई कृत्रिम रूप दिने गरी रोलर-कम्प्याक्ट कङ्क्रिकट (आर सिसी) को १४ मिटर बाक्लो तहले निर्माण गरिएको छ । मन्दिरमा कतै पनि फलामको प्रयोग गरिएको छैन । जमिनको चिसोबाट बचाउनका लागि ग्रेनाइटको प्रयोग गरेर २१ फिट अग्लो स्तम्भमुनि चौकी निर्माण गरिएको छ ।

मन्दिर परिसरमा एउटा ढल प्रशोधन संयन्त्र, पानी प्रशोधन संयन्त्र, अग्नि सुरक्षाका लागि पानीको आपूर्ति र एउटा स्वतन्त्र पावर स्टेसन राखिएको छ । मुलुकको परम्परागत र स्वदेशी प्रविधि प्रयोग गरी मन्दिर निर्माण गरिएको हो ।

# प्रधानमन्त्री कप क्रिकेटमा मधेसद्वारा सुदूरपश्चिम पराजित




**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री कप पुरुष एकदिवसीय राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत सोमबार भएको खेलमा मधेस प्रदेशले सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको छ ।

कीर्तिपुरस्थित त्रिवि मैदानमा मधेसले सुदूरपश्चिमलाई ८० रनले पराजित गऱ्यो । प्रतियोगितामा सुदुरपश्चिमको यो पहिलो हार हो । जिसँगै प्रतियोगितामा चौथो जित हासिल गरेको मधेसले आठ अङ्क जोडेको छ । छ खेलमा आठ अङ्क जोड्दै मधेस प्रदेश तालिकाको तेस्रो स्थानमा छ । त्यस्तै चार खेलमा तीन जित र एक खेलमा हार बेहोर्दै सुदुरपश्चिम ६ अङ्कका साथ अङ्क तालिकाको चौथो स्थानमा छ।

मधेस प्रदेशले प्रस्तुत गरेको तीन सय २० रनको लक्ष्य पछ्याएको सुदूरपश्चिम ४४ दशमलव ५ ओभरमा सवै विकेट गुमाउदै दुई सय ३९ रनमा समेटियो । सुदूरपश्चिमका लागि नरेन भट्टले एक सय २२ बलमा १३ चौका र एक छक्काको मद्दतमा एक सय २१ रन बनाए । यसैगरी नारायण जोशीले २६, किरण ठगुन्नाले २०, नरेन साउदले १८, खडक बोहराले १४ तथा गजेन्द्र बोहराले १२ रन बनाए । मधेसका लागि राजेश यादव र प्रदीप पासवानले समान तीन विकेट लिए भने रञ्जित कुमारले दुई तथा कप्तान हरिशङ्कर शाह र पवन सराफले समान एक/एक विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको मधेस प्रदेशले निर्धारित ५० ओभरमा नौ विकेट गुमाउँदै तीन सय १९ रन बनाएको थियो । मधेसका लागि मायन यादवले एक सय २८ बलमा आठ चौका र दुई छक्काको सहयोगमा एक सय १५ रनको योगदान दिए । त्यसैगरी पवन सर्राफले ६३ बलमा चार चौका र चार छक्काको मद्दतमा ७० रन बनाए । अनिल शाहले ७० बलमा ६ चौका र दुई छक्काको मद्दतले ६९ रनको योगदान गरे । रुपेश सिंहले २१, अविशेक तिवारीले १६ तथा हरिशंकर शाहले १४ रन बनाए ।

सुदूरपश्चिमका लागि शेर मल्लले चार विकेट लिए भने विकाश आग्रीले दुई तथा नारायण जोशी र गजेन्द्र बोहराले समान एक/एक विकेट झारे ।

# पाकिस्तानमा २ करोड ६० लाख बालबालिका विद्यालय बाहिर

**एएनआई**

इस्लामाबाद । पाकिस्तान हाल विद्यालय बाहिरका बालबालिकाको सङ्कटसँग जुझिरहेको छ । विद्यालय बाहिरका बालबालिकाहरूको सङ्ख्यामा २ करोड २० लाखबाट २ करोड २६ लाख पुगेको द न्यूज इन्टरनेसनलले पाकिस्तान इन्स्टिच्युट अफ एजुकेशनको नयाँ प्रतिवेदनलाई उद्धृत गर्दै उल्लेख गरेको छ ।



पीआईईको पाकिस्तान शिक्षा तथ्याङ्क प्रतिवेदन सन् २०२१-२२ ले विद्यालय बाहिरका बालबालिकाहरूको संख्याको बारेमा आश्चर्यजनक खुलासा गरेको छ । सन् २०२१-२२ सम्म पाकिस्तानमा २ करोड ६० लाख बालबालिका विद्यालय बाहिर रहेका छन् । द न्युज इन्टरनेसनलका अनुसार विद्यालय जाने उमेर समूहका ३९ प्रतिशत बालबालिका हाल विद्यालय बाहिर छन् । जसले विश्वव्यापी शिक्षा सुनिश्चित गर्नमा निरन्तर चुनौती रहेको सङ्केत गर्दछ ।

बलुचिस्तानमा सबैभन्दा बढी ६५ प्रतिशत बालबालिका विद्यालय बाहिर छन् । इस्लामाबाद राजधानी क्षेत्रले भने सबैभन्दा कम प्रतिशत समेटेको छ । प्रमुख प्रान्तहरूको तुलनामा खैबर पख्तुनख्वामा ३० प्रतिशत बालबालिका विद्यालय बाहिर रहेका छन् । सन् २०१६-१७ मा ४४ प्रतिशतबाट घटेर सन् २०२१-२२ मा ३९ प्रतिशतमा झरेको भए तापनि सोही अवधिमा यो २ करोड ६० लाख पुगेको छ ।यो वृद्धि मुख्यतया जनसङ्ख्या वृद्धिदरले विद्यालय बाहिरका बालबालिकामा आएको कमीलाई पछाडि पारेको कारण हो ।

प्रतिवेदनले उच्च माध्यमिक तहमा सन् २०२१-२२ मा ६० प्रतिशत बालबालिका विद्यालय बाहिर रहेको पुष्टि गरेको छ । द न्युज इन्टर नेसनलले प्रतिवेदनको थप विश्लेषण गर्दाल उच्च, मध्य र प्राथमिक तहमा क्रमशः ४४ प्रतिशत, ३० प्रतिशत र ३६ प्रतिशत विद्यालय बाहिरको दर देखाएको छ ।प्रतिवेदन अनुसार विद्यालय बाहिरका बच्चाहरूको ठूलो हिस्सा, १ करोड ७७ लाख प्राथमिक तहमा छ।

# ब्याज दर घटाउन हतार नगरिने : इसीबी

**एएफपी**

फ्रयाङ्कफर्ट । यूरोपेली केन्द्रीय बैंकका नीति निर्माताहरूले बिहीबार मुद्रास्फीतिविरुद्ध प्रगति भए तापनि ऋण लागत घटाउन सुरु गर्न उनीहरूलाई कुनै हतारो छैन भन्ने सङ्केत गरेका छन् ।

बैङ्कले ब्याज दर स्थिर राख्ने पहललाई जारी राख्ने अपेक्षा गरिएको छ ।फ्रयाङ्कफर्ट इन्स्टिच्युटले लगातार तेस्रो बैठकमा ब्याजदर वृद्धिलाई स्थगन गर्ने सङ्केत गरेको छ ।

बढ्दो मूल्यलाई नियन्त्रण गर्न वृद्धिको उच्चतम दौडपछि महत्वपूर्ण निक्षेपका लागि तोकिने ब्याज दरलाई चार प्रतिशत कायम गरेको छ ।

ईसीबीका अध्यक्ष क्रिस्टीन लेगार्डले गत हप्ता ब्याजदर उच्च विन्दुमा पुगेको तर आर्थिक अनिश्चितता र बढ्दो ज्यालाले मूल्यको दबाबमा पार्न सक्ने सम्भावित प्रभावको हवाला दिँदै मुद्रास्फीतिमा 'विजयको उद्घोष' गर्न धेरै चाँडो भएको बताउनुभएको थियो । उहाँले ईसीबीका अन्य अधिकारीहरूसँगको छलफलपछि अप्रिलको सुरुमा दर कटौतीको बजार शर्तबिरूद्ध पनि वृद्धिलाई निरन्तरता दिनुभएको थियो ।

नयाँ तथ्याङ्कले आर्थिक सुधारका थप सङ्केतहरू देखाएमा ऋणका लागि लिइने ब्याजदरमा 'सम्भवतः' आगामी गृष्म ऋतुसम्ममा ब्याजदरमा कटौती गर्नै थालिनेछ ।

ड्यूश बैंकका अर्थशास्त्रीहरुले भनेका छन्, "ईसीबीले अझै पनि आफ्नो बाटो परिवर्तन गर्न हतार गरेको छैन र गभर्नरहरूले यस हप्ताको बैठकमा कटौतीको बारेमा छलफल समेत गर्ने छैनन् ।""ईसीबीको बिहीबारको पत्रकार सम्मेलनले ग्रीष्मऋतुअघि ब्याजदर कटौतीको असाधारण न्यून सम्भावनालाई पुनः उजागर गर्ने अपेक्षा गरेका छौं," युनिक्रेडिटले एक मूल्याङ्कन विवरणमा सहमति जनाउँदै आफ्नो धारणा सार्वजनिक गरेको छ ।




संयुक्त राज्य अमेरिकामा लगानीकर्ताहरूले मार्चमा पहिलो दर कटौती गरिरहेका छन् । फेडरल रिजर्भका अधिकारीहरूले पनि ब्याजदर वृद्धि हुने सम्भावनालाई मन्दरूपमा अस्वीकार गरिरहेका छन् ।

मुद्रास्फीतिलाई दुई प्रतिशतको दीर्घकालीन लक्ष्यमा सुरक्षित रूपमा फर्काउन थप काम गर्न बाँकी रहेको सङ्केत गर्दछ ।एटलान्टा फेडका अध्यक्ष राफेल बोस्टिकले गत हप्ता यदि मुद्रास्फीति सोचेभन्दा बढी सुस्त भएको 'विश्वस्त' प्रमाण देखिएमा तेस्रो त्रैमासिकमा दर कटौती आउने बताउनुभएको छ ।

# प्रम कप क्रिकेटमा प्रहरीको लगातार चौथो जित

**टुडे समाचारदाता**


भैरहवा । लगातार चौथो जितसँगै नेपाल पुलिस क्लब प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिताको शीर्ष स्थानमा उक्लिएको छ । आज भैरहवाको सिद्धार्थ क्रिकेट रङ्गशालामा भएको खेलमा पुलिसले सशस्त्र प्रहरीलाई ५८ रनले हराएको छ । ललित राजवंशी बलिङमा चम्किदा पुलिसले मध्यम स्कोरमा पनि जित बटुलेको हो । पहिले ब्याटिङ गरेको पुलिसले ४१ ओभरमा आफ्ना सबै विकेट गुमाउँदै एक सय ४५ रन बनाएको थियो । पुलिसका लागि दिलीपनाथले ४४ रन बनाए भने अर्जुन साउदले ३१ र शङ्कर रानाले २२ रन जोडे ।



बलिङतर्फ सशस्त्रका भुवन कार्कीले तीन विकेट, अमर रौटेला र रमेश कुर्मीले समान २/२ विकेट लिए । १ सय ४६ रनको लक्ष्य पाएको सशस्त्रले ३४ ओभरमा सबै विकेट गुमाउँदै ८७ रनमा समेटियो । सशस्त्रका लागि सन्दिप जोराले २५ रन र अमर रौटेलाले २३ रन बनाए । सशस्त्रका कप्तान रोहित पौडेल, लोकेश बम, मौसम ढकाल र रमेश कुर्मी शून्य रनमा आउट भएका थिए ।

बलिङमा नेपाल पुलिसका ललित राजवंशीले ७ ओभरमा ४ मेडेनसहित ८ रन मात्र जोडे । राजवंशीले ५ विकेट लिदा पुलिसका अर्को बलर रशिद खाँनले २ विकेट लिए ।

# चन्द्रमामा ल्यान्डरको ब्याट्री रिचार्ज गर्न सकिने सम्भावना बढेको जाक्साको भनाइ



**एएफपी**

टोकियो । जापानी चन्द्रयानमा रहेको सौर्य प्रणालीमा आएको समस्या समाधानको सम्भावना बढेको 'जापान एरोस्पेस एक्सप्लोरेशन एजेन्सी (जाक्सा)' ले सोमबार जनाएको छ ।

जाक्साले भनेको छ, "टेलिमेट्री डाटाअनुसार स्लिमका सौर्य कोषहरू पश्चिमदिशामा छन् र सूर्यको प्रकाश यान रहेको ठाउमा परेपछि सौर्य प्रणालीले काम गर्ने अपेक्षा गरिएको छ ।"जापानी चन्द्रयानमा रहेको सौर्य प्रणालीमा समस्या आएका कारण जापानले 'मून स्नीपर' चन्द्रमामा अवतरण गरेको करिब तीन घण्टापछि मुन ल्यान्डरलाई बन्द गरेको थियो ।

जापानको अन्तरिक्ष यानको मिशनलाई 'मून स्नीपर' नाम दिइएको छ । यसको सटीक अवतरण क्षमताले जापानलाई चन्द्रमामा सफलतापूर्णरूपमा पुग्ने पाँचौं देश बनाएको हो ।मध्यरातमा अवतरणपछिको २० मिनेटको अन्तरालमा जाक्साले यानको सोलार ब्याट्रीले विद्युत उत्पादन नगरेको बताइएको थियो । जाक्साले भनेको छ, "हामीले चन्द्रमाको सतहमा अवतरणका क्रममा प्राप्त प्राविधिक र तस्वीरको सङ्कलन प्रसारण शक्ति बन्द हुनुभन्दा पहिले पूरा गर्न सफल भइसकेका छौं ।"

"धेरै तथ्याङ्क प्राप्त भएको पुष्टि भएपछि हामी राहत महसुस गरिरहेका छौं र उत्साहित हुन थालेका छौं," जाक्साले भनेको छ । जाक्साले यस मिसनको नतिजा र स्लिम क्राफ्टको स्थितिको बारेमा यसै हप्ता थप घोषणा गर्ने तयारी गरिरहेको बताएको छ ।"अवतरणपछिको मुद्रा योजनाअनुसार भएन, तर हामी धेरै परिणामहरू प्राप्त गर्न सक्षम हुन सक्छौं र हामी खुशी छौं कि अवतरण सफल भयो ।"

चन्द्रमामा पहिलो पटक अवतरण गरेको ५० वर्षपछि सरकार र निजी कम्पनीहरूले प्रक्षेपण गरेका थुप्रै नयाँ चन्द्र अभियानहरूमध्ये स्लिम पनि एक हो ।दुर्घटनाग्रस्त अवतरण र सञ्चार विफलताहरू व्याप्त छन् यसअघि अमेरिका, तत्कालीन सोभियत सङ्घ, चीन र भारत चन्द्रमामा पुगेका छन् ।

# बागमतीसित कर्णाली पराजित

**टुडे समाचारदाता**

काठमाण्डु । कर्णाली प्रदेशलाई ७ विकेटले पराजित गर्दै बागमती प्रदेश प्रधानमन्त्री कप राष्ट्रिय क्रिकेट प्रतियोगिताको शीर्षस्थानमा उक्लिएको छ ।

कर्णालीले प्रस्तुत गरेको ७९ रनको समान्य लक्ष्य बागमतीले १३ ओभरमा तीन विकेट गुमाउँदै लक्ष्य पूरा गऱ्यो । बागमतीका लागि इशान पाण्डेले सर्वाधिक ४० रन जोडे । त्यस्तै रविन जोशीले अविजित १६ रन बनाए । आशुतोष घिरैयालाई नौ रन जोड्दा रित गौतमले आठ बनाए । कर्णालीका लागि तीनै विकेट दिवान पुनले लिए ।यस जितसँग बागमतीले छ खेलमा चारमा जित तथा दुई हारसहित आठ अङ्क जोडेको छ । बागमतीले यसअघि मधेस प्रदेश, त्रिभुवन आर्मी क्लब र कोशी प्रदेशलाई हराएको थियो । त्यस्तै नेपाल पुलिस क्लब र एपिएफसँग भने बागमती पराजित भएको थियो ।

त्यसअघि टस जितेर ब्याटिङ रोजेको कर्णालीले २४ दशमलव दुई ओभरमा सबै विकेट गुमाउँदै ७८ रनमा समेटिएको थियो । कर्णालीका लागि अर्जुन घर्तीले २३ र निश्चल रावलले १३ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन जोड्न सकेनन् ।

बागमतीका लागि रिजन ढकालले पाँच विकेट लिए भने इशान पाण्डेले दुई तथा प्रतिश जिसी, सूर्य तामाङ र विपिन आचार्यले समान एक/एक विकेट लिए । यस हारसँगै कर्णाली पाँच खेलमा दुई जित र तीन हारसहित चार अङ्क जोड्दै अङ्क ताकिलाको सातौँमा छ ।


# सोनी र जी टिभीबीचको समायोजन सम्झौता तोडियो

**एएफपी**

टोकिया । सोनी टेलिभिजनले जी इन्टरटेनमेन्टसँग १० अर्ब अमेरिकी डलरमा समायोजनका लागि सन् २०२१ मा गरेको सम्झौताबाट बाहिरिएको सोमबार जानकारी गराएको छ।

डिज्नी,अमेजनरनेटफ्लिक्सजस्ता स्ट्रिमिङ प्रतिद्वन्द्वीहरूसँग १.४ अर्ब मानिसहरूको बढ्दो मनोरञ्जन बजारमा राम्रोप्रतिस्पर्धा गर्ने दुबै फर्महरूको आशामा यो गिरावटले धक्का दिएको छ।

जापानी कम्पनी सोनीले सोमबार एक विज्ञप्ति जारी गर्दै भनेको छ, "दुई कम्पनीबीच भएको आंशिक समायोजन सम्झौता खारेज गरिएको छ । सम्झौताको अन्तिम शर्तहरूमा दुई कम्पनीबीच सहमति हुन नसक्दा सम्झौताबाट बाहिरिनुपरेको हो ।"सन् २०२१ मा जीका प्रमुख कार्यकारी पुनीत गोयन्काले नयाँ सङ्गठनको मूल्य १० अर्ब अमेरिकी डलरको हाराहारीमा हुने र वार्षिक आम्दानी दुई अर्ब डलर पुग्ने बताउनुभएको थियो ।यसबाहेक, सोनीले सन् २०२१ देखि जीमा नाफा घट्ने चिन्ता व्यक्त गरेको जापानी कम्पनीका एक स्रोतले नाम नबताउने शर्तमा गत हप्ता एएफपीलाई बताएको छ ।




अर्बौं डलरको मूल्यको भारतको मनोरञ्जन बजार पहिले नै विश्वको सबैभन्दा ठूलो बजारमध्ये एक हो, जबकि आगामी वर्षहरूमा स्मार्टफोनको अपनत्व अझ विस्तार हुने अनुमान गरिएको छ ।ब्लुमबर्ग न्यूजका अनुसार रिलायन्स (आरआईएल) ले डिज्नीको भारतीय इकाईसँग मर्जरका लागि वार्ता गरिरहेको बेला सोनी र जीबीच भएको सम्झौताले सोनी र जीलाई थप जोखिममा पार्नेछ ।

रिलायन्स भारत र एशियाका सबैभन्दा धनी व्यक्ति मुकेश अम्बानीको स्वामित्वमा छ ।एम्बिट क्यापिटलका सञ्चार विश्लेषक विवेकानन्द सुब्बारमणका अनुसार जीले अब 'ड्इङ बोर्डमा फर्कनु पर्नेछ' र उहाँसँग पुँजीको अभाव हुनेछ । सोनीले मर्जरमा १.३ अर्ब डलर लगानी गर्न लागेको थियो ।

# बाँझो बगर करेसाबारीमा रुपान्तरण



टुडे समाचारदाता

म्याग्दी । म्याग्दीको मङ्गला गाँउपालिकाका जनप्रतिनिधि र कर्मचारीले श्रमदान गरेर बाँझो जमिनलाई करेसाबारीमा रुपान्तरण गरेका छन् ।

मङ्गला गाउँपालिका-२ बाबियाचौरको माटेबगरमा रहेको बगरमा जनप्रतिनिधि र कर्मचारीले श्रमदान गरेर तरकारी खेती गरेर हराभरा बनाएका हुन् । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवकुमार पौडेलले व्यायमका लागि फुर्सदको समयमा जनप्रतिनिधि र कर्मचारीले करेसाबारीमा श्रमदान गर्ने गरेको बताए ।

"कृषि र प्राविधिक शाखाका कर्मचारीको आवास भवन परिसरको यो बगर पहिले झाडी थियो । झाडी फाडेर खनजोत गरी करेसाबारी बनाएका हौँ", उनले भने, "करिब दुई रोपनी क्षेत्रफल बाँझो जमिनमा मौसमी र बेमौसमी तरकारी खेती गरेका छौँ ।" शारीरिक व्यायम, फुर्सदको समय सदुपयोग, उत्पादन वृद्धि र घरायसी तरकारीमा आत्मनिर्भर बन्नका लागि सन्देश प्रवाह गराउन गत वैशाखमा सरुवा भएर आउनुभएका प्रमुख प्रशासकीय अधिकृत पौडेलले श्रमदान अभियान सुरु गरेका थिए ।

अधिकृत पौडेलको अभियानमा गाउँपालिकाका अध्यक्ष सतप्रसाद रोका, उपाध्यक्ष पेमा अधिकारी, वडाध्यक्ष, कार्यपालिका सदस्य, कर्मचारी र बाबियाचौरका बासिन्दाले साथ दिएका छन् । फुर्सदको समयमा जनप्रतिनिधि र कर्मचारी कुटो कोदालो हातमा लिएर करेसाबारीमा काम गरेको भेटिन्छन् ।

बर्खा ामा सिमी, लौका खेती भएको थियो । हिउँदमा बन्दा र काउली उत्पादन हुन थालेको छ । प्याज, लसुन, धनियाँ र साग खेती गरिएको छ । कार्यालय समयबाहेकको साँझ, बिहानको फुर्सद, शनिबार र अन्य सार्वजनिक बिदाका दिन करेसाबारीमा श्रमदान गर्ने गरिएको कृषि शाखाका प्राविधिक जगत बानियाले बताए ।

करेसाबारीको डिलतर्फ घेराबार गर्न गाउँपालिकाले रु ३७ हजार खर्च गरेको छ । अन्य सबै काम श्रमदानबाट गरिएको प्रशासकीय अधिकृत पौडेलले बताए । प्रत्येक शनिबार बिहान ७ देखि १० बजेसम्म श्रमदानका लागि सहभागी हुन आग्रह गरिएको छ ।

उत्पादन भएको तरकारी जनप्रतिनिधि र कर्मचारीले उपभोग गर्दछन् । घरायसी उपभोगका लागि आफैंतरकारी उत्पादन गर्नुपर्ने सन्देशदिन खोजिएको कृषिप्राविधिक बानियाले बताए । प्राङ्गारिक मलको प्रयोग गरेर तरकारी खेती गरिएको हो । रोगकिरा नियन्त्रणका लागि पनि जैविक विषादीको प्रयोग गरिएको करेसाबारीलाई प्रदर्शनीस्थलको रुपमा विकास गर्ने योजना रहेको छ ।

# पुँजीगत खर्चभन्दा सरकारी ऋणको साँवाब्याज तिर्न दोब्बर खर्च

टुडे समाचारदाता

काठमाण्डु । महालेखा नियन्त्रक कार्यालयका अनुसार पुस मसान्तसम्ममा पुँजीगत खर्च रु ४९ अर्ब २३ करोड ५८ लाख बराबर छ । यही अवधिमा सरकारी ऋणको साँवाब्याज तिर्न भने रु एक खर्ब १६ अर्ब ५८ करोड पाँच लाख बराबर खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कमा देखिन्छ ।




चालु आर्थिक वर्ष २०८०/८१ को सुरुआती छ महिना अवधिमा मात्र पुँजी निर्माण अर्थात् विकास निर्माणका काममा सरकारले खर्च गरेको खर्चभन्दा सार्वजनिक ऋणको साँवाब्याज तिर्न भएको खर्च रु ६७ अर्ब ३४ करोड ४७ लाखले बढी हो ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कअनुसार पुस मसान्तसम्ममा आन्तरिक ऋणको साँवा भुक्तानीमा रु ५९ अर्ब ३७ करोड १६ लाख र ब्याज भुक्तानीमा रु ३४ अर्ब १९ करोड ४८ लाख बराबर खर्च भएको छ । आन्तरिक ऋणको साँवाब्याजमा मात्र खर्च भएको रकम रु ९३ अर्ब ५६ करोड ६४ लाख बराबर हो ।

त्यस्तै बाह्य ऋणको साँवाब्याज तिर्न छ महिनामा रु २३ अर्ब एक करोड ४१ लाख बराबर भुक्तानी भएको छ । सोमध्ये, बाह्य ऋणको साँवा भुक्तानीमा १८ अर्ब सात करोड ९८ लाख र ब्याज भुक्तानीमा रु चार अर्ब ९३ करोड ४३ लाख बराबर खर्च भएको छ । छ महिना अवधिमा सरकारले रु एक खर्ब ६२ अर्ब ५८ करोड ४९ लाख बराबर ऋण उठाएको छ । सोमध्ये रु एक खर्ब २८ अर्ब ३१ करोड बराबर आन्तरिक र रु ३४ अर्ब २७ करोड ४९ लाख बराबर बाह्य ऋण लिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कबाट देखिन्छ ।

## ऋण बढ्यो तर अर्थतन्त्र बढेन

चालु आर्थिक वर्षको अर्धवार्षिक समीक्षा अवधिसम्ममा नेपालको कूल सार्वजनिक ऋण रु २३ खर्ब ८४ अर्ब ४८ करोड ६० बराबर पुगेको छ । यसमध्ये आन्तरिक ऋण रु ११ खर्ब ९८ अर्ब चार करोड २२ लाख र बाह्य ऋण रु ११ खर्ब ८६ अर्ब ४४ करोड ३८ लाख बराबर छ । गत आर्थिक वर्ष २०७९/८० मा नेपालको कूल सार्वजनिक ऋण रु २२ खर्ब ९९ अर्ब ३५ करोड बराबर थियो । अर्थात् चालु आवको छ महिनामा मात्र रु ८५ अर्ब १३ करोड बराबर सार्वजनिक ऋण थपिएको छ । पछिल्लो पाँच वर्षमा मात्रै सरकारी ऋण दोब्बर भएको छ । आव २०७५/७६ मा सरकारी ऋण रु १० खर्ब ४८ अर्ब १५ करोड बराबर थियो । यस्तो ऋण बर्सेनि बढेर आव २०७६/७७ मा १४ खर्ब ३३ अर्ब, आव २०७७/७८ मा रु १७ खर्ब ३७ अर्ब र आव २०७८/७९ मा रु २० खर्ब १३ अर्ब पुगेको थियो ।

यसरी सार्वजनिक ऋणको रकम बढ्दै जानु तर त्यस्तो ऋणले पुँजी निर्माण गर्न तथा समग्र जिडिपीको आकार बढाउन नसक्नु ठूलो समस्याका रुपमा देखिएको छ । सरकारले लिने आन्तरिक ऋण उत्पादन क्षेत्रमा लगानी हुन नसक्नु र बाह्य ऋण लिइएका विकास निर्माण आयोजनामा सम्पन्न गर्न ढिलाइ हुनु अहिलेको मुख्य समस्या रहेको पूर्व महालेखा नियन्त्रक एवं आर्थिक नीति विश्लेषक गोपीनाथ मैनाली बताउछन् ।

"आन्तरिक ऋण पुँजी निर्माणका क्षेत्रमा नभई साधारण प्रकृतिको खर्चमा गएको छ । पछिल्लो तीन/चार वर्षयता आन्तरिक ऋण बढ्दै गएको छ तर पुँजी निर्माणमा खर्च भएको छैन । यो समस्या हो", मैनाली भन्छन्, "ऋणको व्यवस्थापन लागत उच्च भयो । वैदेशिक ऋण लिएर खर्च भएका आयोजना तत्काल सम्पन्न हुन सकेनन् । यसले पनि पुँजी निर्माणमा विलम्ब गऱ्यो ।"

आन्तरिक ऋण उत्पादनका क्षेत्रमा प्रयोग हुनुपर्नेमा उपभोगका क्षेत्रमा खर्च भइरहँदा एकातर्फ यसले कूल गार्हस्थ्य उत्पादन (जिडिपी)मा न्यून योगदान गर्ने र अर्कोतर्फ दायित्व पनि थपिँदै जाने उनको भनाइ छ ।

समग्र अर्थतन्त्रको आकार बढ्दा सरकारको कमाउने क्षमता विस्तार हुने भएकाले सार्वजनिक ऋणलाई पुँजी निर्माणका क्षेत्रमा खर्च गर्ने र विकास आयोजना निर्माणको कामलाई सही ढङ्गले व्यवस्थापन गरिनुपर्ने मैनालीको सुझाव छ ।

आर्थिक गतिविधि विस्तार गरेर सरकारको थैली बढाउन सकिनेबारे सोच्नुपर्ने उनले बताए । सरकारको कमाउनसक्ने क्षमता अर्थात् राजस्व कम भएकै कारण घाटा बजेट पूर्ति गर्न सार्वजनिक ऋण लिइने गरिन्छ । त्यस्तै, निजी क्षेत्र र वैदेशिक लगानीकर्तालाई व्यवसाय गर्ने सहज वातावरण तयार गरेर पुँजी निर्माणका क्षेत्रमा लगानी गर्नसके अर्थतन्त्रको आकार पनि बढ्ने मैनाली बताउछन् ।

चालु आर्थिक वर्षको बजेटमार्फत सरकारले यो समस्या समाधानका लागि पहल गर्ने प्रतिबद्धता सार्वजनिक गरेको थियो । बजेट वक्तव्यको बुँद नम्बरमा ४४ मा सरकारको खर्च गर्ने क्षमता वृद्धि गर्दै वैदेशिक सहायतालाई उत्पादनशील क्षेत्रमा परिचालन गर्ने, आन्तरिक ऋणको रकम विकास कार्यमा खर्च गर्ने र सार्वजनिक ऋणको दिगोपना विश्लेषण गरी प्रतिफल आउने क्षेत्रमा परिचालन गरिने उल्लेख छ । सार्वजनिक ऋणमार्फत हुने खर्चको सही व्यवस्थापन र उपयोग गर्ने सरकारी नीति रहे पनि त्यसको प्रभावकारितामा भने गम्भीर प्रश्न देखिएको छ ।

## जिडिपीको तुलनामा सार्वजनिक ऋण ४४ प्रतिशत

अरु विकसित देशहरुले आफ्नो मुलुकको कूल गार्हस्थ्य उत्पादनको तुलनामा शतप्रतिशतभन्दा बढी पनि सार्वजनिक ऋण लिने गरेका छन् । आधारभूत मूल्यका आधारमा अहिले नेपालको जिडिपीको आकार रु ५३ खर्ब ८१ अर्ब ३४ करोड बराबर मान्दा जिडिपी अनुपातमा सार्वजनिक ऋण ४४ दशमलव ३१ प्रतिशत पुगिसकेको छ । जिडिपीको तुलनामा सार्वजनिक ऋणको आकार बढ्दै जानुलाई समस्या मान्नेभन्दा पनि त्यसको व्यवस्थापन र ऋणले अर्थतन्त्रको आकार बढाउन गरेको योगदानलाई विश्लेषण गरिनुपर्ने पूर्वमहालेखा नियन्त्रक मैनाली बताउछन् ।

आव २०७५/७६ मा सार्वजनिक ऋणको आकार जिडिपीको तुलनामा ३० दशमलव २६ प्रतिशत बराबर थियो । यो अनुपात बर्सेनि बढेर आव २०७६/७७ मा ३८ दशमलव ०५, आव २०७७/७८ मा ४० दशमलव ७३ प्रतिशत, आव २०७८/७९ मा ४१ दशमलव ५० प्रतिशत र गत आव २०७९/८० सम्ममा पुग्दा ४२ दशमलव ७३ प्रतिशत पुगेको देखिन्छ ।

## गत वर्ष पनि विकास बजेट हाराहारीमै खर्च

गत आव २०७९/८० मा सरकारी ऋणको साँवाब्याज तिर्न रु दुई खर्ब २२ अर्ब ७४ करोड २१ लाख बराबर खर्च गरेको थियो । गत आवको पुँजीगत खर्च सार्वजनिक ऋणको साँवाब्याज भुक्तानीमा भएको खर्चकै हाराहारीमा देखिन्छ ।

गत आवका लागि सरकारले पुँजीगत शीर्षकमा रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबर विनियोजन गरेकामा रु दुई खर्ब ३३ अर्ब ६९ करोड ५९ लाख बराबर खर्च भएको थियो । अधिकांश बाह्य ऋण लामो समयावधिको हुने भएकाले नै साँवाको दायित्व तिर्नुपर्ने अवस्था छैन । तर आन्तरिक ऋण छोटो समयावधिको हुने भएकाले साँवा र ब्याजको दायित्व चाँडै तिर्नुपर्ने हुन्छ ।

# सुन्तला उत्पादनमा बढोत्तरी

टुडे समाचारदाता

जाजरकोट । सुन्तलाको पकेट क्षेत्र मानिएको जाजरकोटमा चालु आर्थिक वर्षमा सुन्तला उत्पादन वृद्धि भएको छ । आर्थिक वर्ष २०७९/८० को भन्दा चालु आवमा २२ प्रतिशतले सुन्तला उत्पादन वृद्धि भएको प्रधानमन्त्री कृषि आधुनिकीकरण, परियोजना कार्यान्वयन इकाइ कार्यालय जाजरकोटले जनाएको छ ।



छ सय २५ हेक्टरमा सुन्तलाखेती हुँदै आएको कार्यालयका प्रमुख दीपेन्द्र पोखरेलले जानकारी दिए । उनका अनुसार अघिल्लो वर्ष प्रतिहेक्टरमा १०.७ मेट्रिक टन सुन्तला उत्पादन भएकामा यस वर्ष १३.१ मेट्रिक टन उत्पादन भएको छ । जिल्लाभरी यस आवमा आठ हजार एक सय २० मेट्रिक टन सुन्तला उत्पादन भएको जनाउँदै उक्त सुन्तलाको मूल्य रू ३२ करोड ४८ लाख बराबरको रहेको पोखरेलले बताए । करिब रू २७ करोडको सुन्तला बजारमा बिक्री भएको तथ्याङ्क परियोजना कार्यान्वयन इकाइ कार्यालयमा आएको उनले जानकारी दिए ।

अघिल्लो आवभन्दा यस आवमा १५ हेक्टर बढी क्षेत्रफलमा सुन्तलाखेती गरिएको जनाइएको छ । तीन हजार दुई सय मेट्रिक टन बाहिर जिल्ला निर्यात भएको इकाइले कार्यालयले जनाएको छ । प्रतिकेजी रू ८० सम्ममा बिक्री हुने गरेको छ । जिल्लामा चार पालिकामा सुन्तला जोन लागू भएको थियो ।

कुशे गाउँपालिकाको वडा नं १ देखि ९ सम्म, भेरी नगरपालिकाको वडा नं १ देखि १० सम्म, नलगाड नगरपालिकाको वडा नं १ देखि ६ सम्म र छेडागाड नगरपालिकाको वडा नं १०, ११ र १२ लाई सुन्तला जोनका रुपमा छुट्याइएको परियोजनाका प्रमुख पोखरेलले जानकारी दिए । आव २०७४/७५ मा लागू भएको यो कार्यक्रमबाट यहाँका किसानले लाभ लिँदै आएका छन् । उनका अनुसार २१ समूह, ११ सहकारी, एक सय ३१ निजी क्षेत्र इकाइ कार्यालयमा सूचीकृत भएर काम गरिरहेका छन् । बर्सेनि सुन्तलाखेती हुने जमिनको मात्रा बढ्दै जाँदा उत्पादनमा पनि वृद्धि हुँदै गएको पोखरेलको भनाइ थियो ।

किसानको खेतबारीमा गएर प्राविधिकद्वारा विभिन्न तालिम, खेतीबारे जानकारी, आवश्यक उपकरणका साथै समयसमयमा गरिने छलफलले किसानलाई सुन्तला खेतीमा थप प्रोत्साहन मिलेको किसान शक्तिबहादुर ओलीले बताए । यसरी गरिएको छलफल प्रभावकारी बन्दै गएको उनको भनाइ थियो ।

अधिकांश सुन्तला बगैँचा रहेका स्थानसम्म सडक विस्तार भएकाले पनि किसानलाई बिक्रीवितरणमा सहजता भएको ओलीले बताए । परियोजनाले ढुवानीका सवारीसाधन खरिदमा अनुदान दिएकाले किसानलाई थप फाइदा भएको उनले जनाए ।

नलगाड-३ का अगुवा किसान कमल पुनले भने, "गाउँघरमा पाहुनालाई नासोका रूपमा प्रयोग हुँदै आएको सुन्तलाले अब व्यावसायिक अभ्याससँगै अर्थसोमबार्रनको मुख्य स्रोत बन्दै गएको छ । खाली जमिनभरि लगाइएको सुन्तलाका बोटले यतिबेला गाउँलाई नै सुन्तलामय बनाएको छ । यहाँका किसान अब व्यापारी भएका छन् ।" उनका अनुसार प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनाले किसानलाई सुन्तला हुर्काउन, बढाउन र स्वस्थ राख्नका लागि विभिन्न व्यावसायिक सीप सिकाउँदै आएको छ ।

परियोजना कार्यान्वयन इकाइले नौ सदस्यीय सुन्तला तथा फलफूल जोन सञ्चालन समन्वय समिति गठन गरेको छ । परियोजना कार्यान्वयन कार्यविधि, २०७७ मा व्यवस्था भएबमोजिम जोन विकास कार्यक्रम सञ्चालनमा सहजीकरण गर्न समिति गठन गरिएको इकाइ प्रमुख पोखरेलले जानकारी दिए । उनका अनुसार लाभग्राहीकोसमेत प्रतिनिधित्व हुने गरी नौ सदस्यीय समन्वय समिति गठन गरिएको हो ।

समितले विद्यमान प्रविधि र पूर्वाधारको अभिलेख तयार गर्ने, किसान समूह, सहकारी, उद्यमीदगायतको विवरण अध्यावधिक गर्ने, किसानको माग सङ्कलन गर्ने, कार्यक्रम सञ्चालनमा सहजीकरण गर्ने, परियोजनाअन्तर्गत सरोकारवालासँग समन्वय र सहकार्य गर्ने, पूर्वाधारको विकास, प्रयोग र सम्वर्द्धन गर्न सहयोग गर्नेछ । त्यस्तै योजना तर्जुमामा सहकार्य गर्ने, कार्यक्रम अनुगमन एवं पृष्ठपोषणमा सहजीकरण गर्नेलगायत काम गर्ने प्रमुख पोखरेलले जानकारी दिए ।

विभिन्न ठाउँमा सुन्तलालाई सुरक्षित राख्नका लागि प्रधानमन्त्री कृषि आधुनिकीरण परियोजनाको आर्थिक सहयोगमा 'सेलार स्टोर' स्थापना गरिएको पोखरेलले जानकारी दिए । यसले सुन्तला जोगाएर पछिसम्म बिक्री गर्न सकिने उनको भनाइ थियो ।

किसानलाई सुन्तलाबाट प्रशस्त आम्दानी गरी आर्थिक रुपमा सक्षम बनाउने उद्देश्यले जिल्लाका विभिन्न छ ठाउँमा सेलार स्टोर स्थापना गरिएको छ । सुन्तला सेलार स्टोरमा राखेर फागुनदेखि चैतसम्म बिक्री गर्न पाएमा राम्रो मूल्य पाउने सम्भावना रहेको छेडागाड-१० का नरेश विक्रम शाहले बताए । सेलार स्टोरमा सुन्तला जम्मा गरी सुरक्षित राख्न सकेमा चैतको गर्मीयाममा राम्रो आम्दानी गर्न सकिने उनको भनाइ थियो ।

गर्मी मौसममा सुन्तलाको माग उच्च हुने भएकाले किसानले सेलार स्टोरबाट फाइदा लिन सक्नेछन् । सुन्तलालाई उचित तापक्रममा सुरक्षित राखेर मूल्य पाउने समयमा बिक्री गर्ने उद्देश्यका साथ स्टोर स्थापना गरिएको परियोजना प्रमुख पोखरेलले जानकारी दिए ।

कुशे-५, ७ र ८, छेडागाड-१० र १२ र नलगाड- ३ मा सेलार स्थापना भएका हुन् । यी क्षेत्रमा सबै भन्दाबढी सुन्तला उत्पादन हुने गर्दछ । बेमौसममा पनि सुन्तला तथा अन्य तरकारी बजारमा ल्याई बिक्री वितरण गरी आर्थिक रुपमा सक्षम हुन यो प्रभावकारी हुने परियोजनाको भनाइ छ । सिजनमा सस्तोमा बिक्री हुने तथा कुहिएर खेर जाने समस्याको समाधानका सेलार स्थापना गर्न थालिएको पोखरेलले बताए । उनका अनुसार प्रतिसेलार रू १५ लाख ८५ हजारमा निर्माण गरिएका छन् । यसका लागि परियोजनाले रू १० लाख ३३ हजार तीन सय ३३ र किसानले रू पाँच लाख ६१ हजार छ सय ६७ खर्च गरेका छन् ।

पाँच मेट्रिक टन क्षमता रहेका सेलारमा छ महिनासम्म सुन्तला सुरक्षित राख्न सकिन्छ । विद्युत् पुगेका ठाउँमा विद्युत्बाट र अन्य ठाउँमा सोलार सिस्टमबाट चार्ज गरेर सुन्तला राख्ने व्यवस्था मिलाएको परियोजनाका धरम चन्दले जानकारी दिए ।

परियोजनाका अनुसार किसानको मागअनुसार आगामी वर्ष नयाँ ठाउँमा सेलार स्थापना गर्दै जाने योजना रहेको छ । किसानका खेतबारीमा पुगेर मल प्रयोग गर्ने विधि, काँटछाट तथा औषधि दिनेलगायत प्राविधिक काममा किसानलाई सहयोग गरिरहेको चन्दले बताए ।

# नेप्से परिसूचकमा ३१ दशमलव ४९ अङ्कको गिरावट

टुडे समाचारदाता



काठमाण्डु । नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा ३१ दशमलव ४९ अङ्कको गिरावट देखिएको छ । सोमबार नेप्से परिसूचक एक दशमलव ४७ प्रतिशतले घटेर दुई हजार ९८ दशमलव ६९ को विन्दुमा कायम भएको हो ।

सोमबार तीन सय सात कम्पनीको एक करोड ८० लाख ४३ हजार दुई सय ४४ कित्ता शेयर एक लाख ५० हजार पाँच सय ४३ पटक खरिद बिक्री हुँदा रू छ अर्ब ३६ करोड ६० लाख ७० हजार बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । सोमबार व्यापार समूहको उपसूचक शून्य दशमलव ३५ प्रतिशतले बढेको छ भने अरु सबै समूहको उपसूचक घटेको छ । सबैभन्दा धेरै जलविद्युत समूह दुई दशमलव २४ प्रतिशतले घेटेको छ ।

अपर स्याङ्दी हाइड्रोपावर कम्पनीको शेयर मूल्य सोमबार सबैभन्दा धेरै नौ दशमलव ९८ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा दोर्दीखोला जलविद्युत कम्पनी लिमिटेडको शेयर मूल्य आठ दशमलव ३३ प्रतिशत रहेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा सबैभन्दा धेरै हिमालयन रिइन्स्योरेन्स लिमिटेडको रू ७८ करोड ६३ लाख ८३ हजार चार सय ९२ बराबरको ११ लाख ९७ हजार तीन सय ५५ कित्ता शेयर कारोबार भएको छ ।

**टिच फर नेपाल**
काठमाडौं, नेपाल

**आवासीय पूर्व सेवाकालीन तालिम सञ्चालनका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान सम्बन्धी सूचना**

यहि फेब्रुअरी ०९ देखि मार्च ०२२, २०२४ (तदनुसार माघ २६ देखि चैत ०९, २०८०) टिच फर नेपालको छ हप्ते आवासीय पूर्व सेवाकालीन तालिम सञ्चालनका लागि निम्न सुविधा प्रदान गर्न आफ्नो न्युनतम दरभाउ र आवश्यक कागजात सहित आजका मितिले १५ दिनभित्र बोलपत्र नेपाल *(www.bolpatranepal.com)* मा शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. **कार्यक्रमः** फेब्रुअरी ०९ देखि मार्च २२, २०२४ (तदनुसार माघ २६ देखि चैत ०९,२०८०)
२. **स्थानः** काठमाडौं उपत्यका वा चितवन वा जनकपुरधाम
३. **संख्याः** अनुमानित ६० जना,
४. **सेवासुविधाः** ब्रेकफास्ट, लन्च, स्न्याक, डिनर र आवास
५. **आवश्यक हलः**
क) ५५-६५ जना अट्ने ठूलो हल १ ओटा,
ख) १५-२० जना अट्ने ३ ओटा,
६. **आवश्यक कागजातः** गत आ.व.को कर चुक्ता, प्यान/भ्याट र कम्पनी दर्ता प्रमाणपत्रहरुको प्रतिलिपि १/१ प्रति

बोलपत्र Document हेर्न र आवेदन दिन :
*www.bolpatranepal.com/bids/view/228110*

थप जानकारी को लागि: ९८४९४४७७८८ | ९८०२३४७७८८

**भुमिसुधार तथा मालपोत कार्यालय, धनुषाको**
**हकदावी सम्बन्धी ३५ दिन सार्वजनिक सूचना**

यसमा जि.ध. चक्कर-२ हाल औरही गा.पा.-६ मा बस्ने मरनी देवीको आफ्नो कालगतिले मृत्युभै हकखाने पति दुखी सहनीको पनि आफ्नो कालगतिले मृत्यु भै हकखाने निज दम्पत्तीबाट छोराको जाय जन्म नभई छोरीहरु तिन जनाको मात्र जाय जन्म भएकोमा जेठी छोरी प्रेम देवी र माइली छोरी शैलो देवीको मंजुरीनामा अनुसार कान्छी छोरी म निवेदीका कौशिला कुमारी देवीको नाउँमा तपसिलमा उल्लेखित रहेको जग्गा एकलौटी नामसारी गरी पाउँ भनि माग निवेदन भएको र सोही अनुसारको औरही गाउँपालिका ६ नं. वडा कार्यालयको च.नं. २०८ मिति २०८०/०६/१६ गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सही सनाखत भएको ।

यसमा जग्गा धनीको मृत्यु पश्चात हकखाने यी निवेदीका बाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यी निवेदीकाको नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए, यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र आफुसंग भएको सबुत प्रमाण लिई दावि उजुरी गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दावि उजुरी नपरी म्याद समाप्त भए पछि कानून बमोजिम मु.दे.स. २०७४ को परिच्छेद ११ को दफा २३९ (१) बमोजिम भई जाने व्यहोरा सबैमा यसै सूचनाद्वारा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षे.फ./किसिम | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | चक्कर | २ | १०४४ | ०-०-७-४ | |
| धनुषा | चक्कर | ३क | ३२२ | ०-२-१.५-० | |

**भुमिसुधार तथा मालपोत कार्यालय, धनुषाको**
**हकदावी सम्बन्धी ३५ दिन सार्वजनिक सूचना**

यसमा मुखियापट्टी मुसहरनिया गाउँपालिकाको नाममा जग्गा नभएको कारणले गाउँपालिकाको प्रशासकीय भवन निर्माण गर्न नसकिएको र सरल सहज र प्रभावकारी रुपमा दैनिक वा प्रवाह गर्न प्रशासकिय भवन निर्माण गर्न अति आवश्यक भएकोले हाल अस्थायी रुपमा कार्यालय संचालन भएको स्थानको आसपासको तपसिल बमोजिमको जग्गामा प्रशासकिय भवन तथा अन्य आवश्यक पूर्वाधार निर्माण गर्न प्रयोजनको लागि सरकारी जग्गा उपयोग गर्ने वा लिजमा उपलब्ध गराउने प्रक्रिया अनुसार कार्यालयको प्रशासकीय भवन बनाउन अति आवश्यक भएकोले तपसिलमा उल्लेखित जग्गाको नेपाल सरकारको नाममा श्रेस्ता कायम गरि दिनु हुन मुखियापट्टी मुसहरनिया गाउँपालिका तुल्सीयाही जब्दी धनुषाको च.नं. ६३८ मिति २०८०/०९/०८ को पत्रको व्यहोरा र यस कार्यालयको मोठ श्रेस्तामा तपसिल बमोजिमको जग्गा खोजतलास गर्दा माग दावी बमोजिमको जग्गा तु.जब्दीको मोठ श्रेस्ताको नेपाल सरकारको मिन्हा महल जिर्ण भई गएको हुँदा किता एकिन गर्न नसकिएको मोठ भिडान भई आएको व्यहोरा ।

यसमा मुखियापट्टी मुसहरनिया गाउँपालिकाको माग दाबी अनुसार नेपाल सरकारको नाममा दर्ता श्रेस्ता कायम गर्दा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने भए वा यो नेपाल सरकार बाहेक अन्य व्यक्तिको जग्गा भएको भए यो सूचना प्रकाशित भएकोस मितिले ३५ दिन भित्र आफूसंग भएको सबुत प्रमाण लिई तपसिलमा उल्लेख भएको जग्गाको हकदावी उजुरी गर्न यस कार्यालयमा आउनु होला । सूचनाको म्याद भित्र दावी उजुरी नपरी म्याद समाप्त भएमा कानून बमोजिम भई जाने व्यहोरा यसै सूचनाबाट सबैमा सुचित गरिएको छ ।

**तपसिल**

| जिल्ला | न.पा./गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | तुल्सीयाही जब्दी | ८ | १४५ | ३-६-२-५ |

# नेपाल ट्रेड युनियन कांग्रेसद्वारा शिक्षा ऐन संशोधनको माग



ट्रेड युनियन कांग्रेसले सोमबार जनकपुरधाममा आयोजना गरेको पत्रकार सम्मेलनमा युनियनका पदाधिकारीहरु।
*तस्विर : टुडे*

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाल ट्रेड युनियन कांग्रेस नेपाली कांग्रेसको शुभेच्छुक संगठन भए पनि माउ पार्टीसंगको सम्बन्ध चिसिएको छ।

जनकपुरधाममा सोमबार पत्रकार सम्मेलन गर्दै नेपाल ट्रेड युनियन कांग्रेस सभापति योगेन्द्रकुमार कुँवरले संस्थागतरुपमा लामो समयदेखि कांग्रेस पार्टीलाई सहयोग गर्दै आए पनि सम्बन्ध बनाउनका लागि १७ सदस्यीय समिति गठन गरिएको जानकारी दिए । युनियन कांग्रेसको दोस्रो बैठकबाट वरिष्ठ उपाध्यक्ष तेजेन्दजंग कार्कीको संयोजकत्वमा १७ सदस्यीय समिति गठन गरेको छ।

युनियन कांग्रेसका सभापति कुँवरले भने-'विगत लामो समयदेखि ट्रेड युनियन कांग्रेसले नेपाली कांग्रेसलाई सहयोग गर्दै आए पनि श्रमिकको प्रतिनिधित्वमा खासै चासो नदेखाइएकोमा बैठकमा गम्भीर छलफल भयो र आगामी दिनमा पार्टीसँग कस्तो सम्बन्ध हुने भन्ने विषयमा महासंघको अवधारण निर्माण गर्न वरिष्ठ उपाध्यक्ष तेजेन्दजंग कार्कीको संयोजकत्वमा १७ सदस्यीय समिति गठन गरियो र नेपाली कांग्रेसको आगामी महासमिति बैठकमका श्रमिक प्रतिनिधित्वका लागि दवावमूलक कार्यक्रम गर्ने निर्णय गरियो ।' कांग्रेसबाट सांसद रहेका उद्योगपति विनोद चौधरीको उद्योग सीजी ग्रुपमा कार्यरत श्रमिकहरुलाई सेवासुविधा तथा व्यवस्थापन पक्षसंग छलफल गर्ने क्रममा विवादको क्रममा २८ जना समेतलाई गरिएको निलम्बन तत्काल फिर्ता गर्नुपर्ने र थुनिएका ९ जना श्रमिकलाई रिहाइ गर्नुपर्ने उनले बताए।

उनले पक्राउ गरिएका श्रमिकलाई रिहाइ नगरिएमा कडा आन्दोलन गर्ने चेतावनीसमेत दिए । उनले उद्योगमा कार्यरत निलम्बित २८ जना श्रमिकलाई तत्काल काममा फिर्ता लिनुपर्ने बताए।

त्यस्तै युनियन कांग्रेसका महासचिव अजयकुमार राईले १५ बुंदे प्रस्ताव सार्वजनिक गरेका छन्।

ट्रेड युनियन कांग्रेसको संगठन विस्तार, परिचालन, श्रमिक आन्दोलनलाई सशक्त बनाउन कार्ययोजनासहित अगाडि बढ्ने र महासंघको कार्ययोजना निर्माण गर्न उपाध्यक्ष गणेश बहादुर केसीको संयोजकत्वमा ११ सदस्यीय समिति गठन गरिएको महासचिव राईले बताए। त्यस्तै ट्रेड युनियन कांग्रेसको विधानमा व्यवस्था भए अनुसार ८ वटा विभाग र ४ वटा सेलको संयोजक, सहसंयोजक र सचिव तोकिएको जानकारी दिए । ट्रेड युनियन कांग्रेसले शिक्षा ऐन, २०२८ लाई सरोकारवाला पक्षसँग सम्वाद गरी तत्काल संशोधन गर्नुपर्ने, उपदानमा लाग्दै आएको १५% करलाई ५% कायम गराउन महासंघले विशेष कदम चाल्ने, होटल लगायत सत्कार क्षेत्रमा श्रमिकले पाउँदै आएको सेवा शुल्क कायम हुनुपर्ने, श्रमिकलाई स्थानीय तहमा पञ्जिकरण गराउन विशेष अभियान थाल्ने, विभिन्न बैंक तथा वित्तिय संस्थाहरुको समायोजनले कर्मचारी कटौती तथा सेवा सुविधा एवं ट्रेड युनियन अधिकार कुण्ठित भएकोप्रति तत्काल नसच्चिए कडा अभियान चाल्ने, कार्यस्थलबाट नै मताधिकार, विदेश जानुपूर्व दिने अभिमुखिकरण तालिममा बढाइएको शुल्क फिर्ता लिनुपर्ने र युवालाई स्वदेशमा नै रोजगारीको सृजना गराउनुपर्नेलगायतका माग अघि सारेको छ।

### विश्वविद्यालय भवनको शिलान्यास

# अपार सहभागिताले आफूमाथि जिम्मेवारी थपियो : अध्यक्ष यादव

**मनोज माझी**

राजविराज । विरोध र कडा सुरक्षा ब्यवस्थाबीच सोमवार राजविराजमा मधेश प्रदेश कृषि विश्व विद्यालय भवनको शिलान्यास गरिएको छ। राजविराज नगरपालिका १३ विषहरीयामा जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले भूमि पूजन गर्दै विश्व विद्यालय भवनको शिलान्यास गरेका छन्।

सो अवसरमा अध्यक्ष यादवले दक्ष जनशक्ति उत्पादन गरी मधेश कृषि विश्व विद्यालयले आर्थिक समृद्धिमा योगदान पुर्याउने विश्वास व्यक्त गरे।

वर्षौंदेखिको सपना साकार हुन पाएकोमा खुशी व्यक्त गर्दै उनले भने-'राजविराजमा आज कृषि विश्व विद्यालयको भूमि पूजन एवम् शिलान्यास गर्न पाएकोमा म अत्यन्तै खुशी छु, दक्ष जन शक्ति उत्पादन गरी कृषि क्षेत्रमा आधुनिकीकरण गर्दै रोजगारी तथा आर्थिक समृद्धिमा योगदान पाउनेमा विश्वस्त छु।'

समारोहमा अपार सहभागिताले आफूमाथि जिम्मेवारी थपिएको भन्दै उनले यस कार्यमा सहयोग पुर्‍याउने सबैलाई धन्यवाद् दिए । निर्माण कार्य सम्पन्न गरी लक्ष्यप्राप्तितर्फ बढ्न शुभकामना दिँदै जसपा अध्यक्ष यादवले आफूबाट हुनसक्ने सहयोग र पहल कदमी लिन कुनै कसर बाँकी नराख्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेश सरकारको गौरवको आयोजना मध्येको सर्वाधिक ठूलो मानिएको उक्त विश्व विद्यालय निर्माणका लागि मधेश प्रदेश सरकारले ३१ करोड संघीय सरकारले ३२ करोड गरी कूल ६३ करोड सहयोग गरेको तथा थप आवश्यक सहयोग प्रदेश सरकारले गर्ने प्रतिवद्धता व्यक्त गरे।

पूर्व मुख्यमन्त्री लालबाबु राउतले आफू मुख्यमन्त्री हुँदै उपेन्द्र यादवकै निर्देशनमा राजविराजमा कृषि विश्वविद्यालय स्थापना गर्ने निर्णय भएको स्मरण गराए। प्रतिकूल अवस्थाका बावजुद पनि प्रदेश सरकारले यसलाई प्रदेश गौरवको योजनामा राखेकोले देशकै उदाहरणीय विश्वविद्यालयको रुपमा स्थापित हुने उनले बताए।



जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादव सोमबार कृषि विश्वविद्यालयको शिलान्यास गर्दै। *तस्विर : मनोज*

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोबिन्द बहादुर न्यौपानेले मधेश प्रदेशको सप्तरी जिल्लामा विश्वविद्यालय स्थापना हुनु र भवन निर्माणको पनि शिलान्यास हुनु गौरवको कुरा भएको बताए । कृषिबाटै प्रदेश र देशको आर्थिक समृद्धि हुने भएकोले यसलाई प्राथमिकतामा राख्नुपर्नेमा उनले जोड दिए। विश्वविद्यालयका उपकुलपति डा.वैद्यनाथ महतोले स्थापनादेखि शिलान्याससम्मको गतिविधिहरुबारे जानकारी गराएका थिए।

मधेश प्रदेश सरकारले मधेश कृषि विश्वविद्यालय भवनका लागि आर्थिक वर्ष ०७८/०७९ मा १ अर्ब ४९ करोड रुपैयाँ वहुवर्षीय योजना शीर्षकमा सुनिश्चित गरेको थियो। सोही अनुरुप भवन निर्माणका लागि गत आर्थिक वर्षमा ३९ करोड पठाइएको छ भने चालु आर्थिक वर्षमा ३० करोड विनियोजन गरिएको छ।

विश्वविद्यालयको २६ बिघा आठ कठ्ठा १८ धुर जग्गामा प्रशासनिक, शैक्षिक र प्रयोगशाला गरी १२ वटा भवन निर्माणका लागि एक अर्ब रुपैयाँमा ठेक्का बन्दोबस्त गरिएको विश्वविद्यालयका रजिष्ट्रार श्रीभगवान ठाकुरले जानकारी दिए।

यता विश्वविद्यालयको शिलान्यास जसपा नेपालका अध्यक्ष एवम् पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादवबाट हुने निश्चित भएपछि जनमत पार्टीले विरोध जनाउँदैआएको थियो । मधेश प्रदेश सरकारका शिक्षा तथा संस्कृति मन्त्री महेश प्रसाद यादवको नेतृत्वमा शिलान्यास स्थलमा जनमत पार्टीका कार्यकर्ताहरुले विरोध जनाएका थिए । कार्यकर्ताहरुका साथ नाराबाजी गर्दै सुरक्षा घेरा तोड्ने क्रममा प्रहरीले सामान्य बल प्रयोग गर्दा मन्त्री यादवको टाउकोमा सामान्य चोट लागेको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी नायव उपरीक्षक ढुण्ढीराज नेउपानेले जानकारी दिए।

# जिल्ला अधिवेशन गर्ने निर्णय एमालेको निर्णय

**टुडे समाचारदाता**

जनकपुरधाम । आगामी चैत पहिलो सातामा मधेश प्रदेशको ८ वटै जिल्लामा जिल्ला अधिवेशन सम्पन्न गर्ने निर्णय नेकपा एमालेको मधेश प्रदेश कमिटीले गरेको छ।

जनकपुरधाममा सोमबार बसेको मधेश प्रदेश कमिटीका पदाधिकारी बैठकबाट महोत्तरी, रौतहट, पर्सा र बारा जिल्ला अधिवेशनको मितिसमेत तय गरेको जनाएको छ।

एमाले मधेश प्रदेशका सचिव मनोज पौडेलले माघ २२ र २३ गते महोत्तरी, माघ २५ र २६ गते रौतहट, माघ २८ र २९ गते पर्सा र फागुन १२ र १३ गते बारामा जिल्ला अधिवेशन गरिने जानकारी दिए । सचिव पौडेलले सर्लाही, धनुषा, सिरहा र सप्तरीमा पनि चैतभित्र महाधिवेशन गरिसक्ने निर्णय गरेको बताए।

बैठकबाट जिल्ला प्रतिनिधि परिषद् बैठकहरुको मिति समेत तय गरेको छ । माघ १८ गते रौतहट, माघ २० गते बारा, माघ २१ गते पर्सा, फागुन ५ गते सर्लाही र सिरहाको परिषद् बैठक बस्ने उनले बताए। फागुन ७ गते धनुषा र सप्तरीको परिषद् बैठक बस्ने निर्णय गरेको उनले बताए।

# मुसहरलाई नागरिकता



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा अनागरिक रहेका दर्जनौं मुसहर परिवारलाई जिल्ला प्रशासन कार्यालय धनुषाले नागरिकता वितरण गरेको छ।

जनकपुरधाम स्थित जिल्ला प्रशासन कार्यालयमा सोमबार सामुहिकरुपमै मुसहर समूदायका १० जनालाई नागरिकता वितरण गरिएको छ।

क्षीरेश्वरनाथ नगरपालिका-३ बस्ने मुसहर परिवार नागरिकताविहीन रहेको अवस्थामा जिल्ला प्रशासन कार्यालयले १० जनालाई नागरिकता वितरण गरेको प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेले जानकारी दिए। नागरिकता नहुँदा विभिन्न समस्या भोग्दै आएका मुसहरलाई सहजरुपमा जिवनयापन र राज्यबाट पाउनुपर्ने सेवासुविधा उपभोगका लागि नागरिकता हस्तान्तरण गरिएको धनुषाका प्रमुख जिल्ला अधिकारी पाण्डेले बताए।

मुसहर वस्तीमा ३५ जना मुसहर समुदायका व्यक्ति नागरिकताविहीन अवस्थामा रहेको छ । यसअघि ८ जनालाई नागरिकता प्रदान हस्तान्तरण गरेको र सोमबार थप १० जनालाई नागरिकता हस्तान्तरण गरिने प्रमुख जिल्ला अधिकारी पाण्डेले बताए । अन्य व्यक्तिको नागरिकता बन्ने प्रक्रियामा रहेको उनले बताए।

# राममय वीरगञ्ज घर-घरमा पूजापाठ



सोमबार वीरगञ्जमा निकालिएको शोभा यात्रा। *तस्विर : अनिल*

**अनिल तिवारी**

वीरगञ्ज। भगवान श्रीरामको अयोध्यामा भएको प्राण प्रतिष्ठाको अवसरमा वीरगञ्ज राममय हुनुका साथै घर-घरमा पूजापाठ गरिएको छ। वीरगञ्जको ट्राफिक व्यवस्था सोमबार दिनभर अस्तब्यस्त थियो।

वीरगञ्ज महानगरपालिका लगायत विभिन्न धार्मिक संघ सगठनहरु समेत जय सीयारामका नारा लगाउदै झाँकी जुलुस प्रदर्शन गरिरहे। यता वीरगञ्जको घडिअर्वा स्थित रामजानकी मन्दिरमा नवनिर्मित मन्दिरमा स्थापित भगवान श्रीरामको अयोध्याकै समयमा प्राण प्रतिष्ठा भव्य रुपमा सम्पन्न गरिएको छ।

भारतको अयोध्यामा नवनिर्मित राममन्दिरको उद्घाटन कै दिन सोमबार वीरगञ्जमा पनि रामजानकी मन्दिरमा प्राणप्रतिष्ठा गदै मूर्ति स्थापना गरिएको छ। प्राण प्रतिष्ठा अघि वीरगञ्ज महानगरपालिकामा कलस यात्रा सहित झाँकी जुलुस प्रदर्शन गरिएको थियो।

कलस यात्रा पछि दिउँसो विधिवत रुपमा

**भारतको अयोध्यामा नवनिर्मित राममन्दिरको उद्घाटनकै दिन सोमबार वीरगञ्जमा पनि रामजानकी मन्दिरमा प्राणप्रतिष्ठा गदै मूर्ति स्थापना गरिएको छ ।**

प्राणप्रतिष्ठा गरिएको थियो। मन्दिरमा स्थापित मूर्तिको वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंह मूल पुजारीको रुपमा प्राणप्रतिष्ठा गरेका थिए। उनीसंगै पर्सा क्षेत्र नम्बर १का सांसद प्रदीप यादव, वडा अध्यक्ष सुशील साह कानु लगायत विभिन्न व्यक्तित्वहरुको सहभागिता रहेको थियो। साथै वीरगञ्ज महानगरपालिकाले वीरगञ्ज भरिको मठमन्दिर लगायत आदर्शनगर माइस्थान लगायत मुख्य बजारलाई सजाएर आकर्षक बनाएको छ। मुख्यबजार क्षेत्रका सडकहरु र घरघरमा 'जय श्रीराम' लेखिएको भगवा रंगको ध्वजा समेत झुन्ड्याइएको छ। यसका साथै बारा,पर्सा लगायत तराई अधिकांश गाउँका मठमन्दिरमा सोमबार बिहानैदेखि पूजा पाठहरु गरी स्थानीयहरु अयोध्यामा राममन्दिर निर्माण गरिएकोमा खुसी मनाएका छन्।

प्राणप्रतिष्ठाको सम्पूर्ण पूजन विधि साथै सवा लाख बत्तीबालिएको र साँझ महाआरती गरेर प्रसाद वितरण समेत गरिएको थियो।

# मटिहानीमा राम सीताको मूर्ति स्थापना



**टुडे समाचारदाता**

जलेश्वर । आफ्ना नगरवासीलाई अयोध्याको झलक दिन मटिहानी नगरपालिकाले काठबाट २५ फिट अग्लो श्रीराम र सीताको मूर्ति बनाएको छ । अयोध्याको नवनिर्मित राम मन्दिरमा बालस्वरूप श्रीरामको प्रतिमा स्थापित गरेर सोमबार भएको प्राण प्रतिष्ठा कार्यक्रमकै अनुसरण गर्दै उक्त नगरपालिकाले २५ फिट अग्लो काठको मूर्ति (प्रतिमा) तयार गरेको छ।

निर्मित प्रतिमा महोत्तरी जिल्लाको मटिहानी-७ स्थित श्री लक्ष्मीनारायण मठ परिसरमा स्थापित गरिएको छ । लक्ष्मीनारायण मठ मुलुकका सबै मठको नायक मानिन्छ। श्रीरामको बालरूप प्रतिमा सोमबार अयोध्यामा निर्मित राम मन्दिरमा प्राण प्रतिष्ठा गरिएको नगरप्रमुख हरिप्रसाद मण्डलले जानकारी दिए।

"स्थापित परम्पराअनुसार धार्मिक विधिका साथ मठमा श्रीराम र जानकीको प्रतिमा स्थापित गरी सोमबारनै प्राण प्रतिष्ठा गरी पूजा अर्चना थालिएको", नगरप्रमुख मण्डलले भने, "रामलला (श्रीरामको बालस्वरुप) को प्रतिमा अयोध्यामा प्राण प्रतिष्ठा कार्यक्रम सँगसँगै हामी यहाँको प्रतिमा स्थापना गरेका छौं।" अहिले जतातत्तै बन्दै गएको श्रीराममय परिवेशको साक्षात् अनुभूति नगरवासीलाई गराउन प्रतिमा बनाएर स्थापित गरिएको उनको भनाइ छ।

प्रतिमा स्थापित र प्राण प्रतिष्ठाको कार्यक्रमसँगै जोडेर बिहान पवित्र लक्ष्मी सागरमा आरती गरियो। लक्ष्मी सागर तलाउ अघि त्रेता युगमा श्रीराम र सीताको विवाहमा यज्ञ वेदी बनाउन माटो खनिएको पवित्र स्थल मानिन्छ । सोमबार साँझ लक्ष्मीनारायण मठमा महाआरती र सांस्कृतिक उत्सवका कार्यक्रम गरिएको छ।

**लक्ष्मी सागर तलाउ अघि त्रेता युगमा श्रीराम र सीताको विवाहमा यज्ञ वेदी बनाउन माटो खनिएको पवित्र स्थल मानिन्छ । सोमबार साँझ लक्ष्मीनारायण मठमा महाआरती र सांस्कृतिक उत्सवका कार्यक्रम गरिएको छ ।**

यो धार्मिक समारोहको तयारीमा मटिहानीस्थित लक्ष्मीनारायण मठ परिसर, लक्ष्मी सागर र वरपर दुलही झैं सिँगारिएको छ। शिल्पकार राजु लालले १५ दिन लगाएर उक्त प्रतिमा कुँदेका छन्। प्रतिमा बनाउन काठका २० वटा प्लाई (फलेक) प्रयोग भएका उनले बताए।

## आवश्यकता

जनकपुर टुडे राष्ट्रिय दैनिक पत्रिकामा तपसिल बमोजिमको कर्मचारी आवश्यकता भएको हुँदा ईच्छुक महानुभावहरुले बायोडाटा सहित जनकपुर टुडेको कार्यालयमा सम्पर्क गर्नु हुन जानकारी गराईन्छ ।

**कम्प्युटर अपरेटर - १ (एक) जना**

सम्पर्क

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**

जनकपुरधाम, धनुषा

सम्पर्क नं. : ९८०१६२६०२६, ९८५४०२६०२५

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८